ग्राहक प्रति

वर्ष २० | अंक २५४ | काठमाडौं | बुधवार, १८ असार २०८२ | Wednesday, 2 July 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

दूधमा आत्मनिर्भर काभ्रे २

सिद्धार्थ बैंक र सिप्रदी ट्रेडिङबीच कर्जासम्बन्धी सम्झौता ३

खैरो सूचीबाट हटाउन बैंकिङ क्षेत्र ४

निगमको सुदृढीकरण अपरिहार्य : पर्यटनमन्त्री ८



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,

९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८

भाइबरमा SMS मात्र गर्नुहोस् हामी यताबाट कल गर्छौं ।

# ईभीमाथि कडा नियमन गर्दै सरकार


विजय दमासे

काठमाडौं

सरकारले विद्युतीय सवारीसाधन (ईभी) माथि कडा नियमन गर्ने संकेत देखाएको छ । 'सवारीसाधन आयात, उत्पादन तथा जडान निर्देशिका, २०८२' ल्याएर सरकारले नियमन गर्ने गरी गृहकार्य तीव्र पारेको हो ।

खासगरी विद्युतीय सवारीसाधनको गुणस्तरमा प्रश्न उठ्न थालेपछि यातायात व्यवस्था विभागले निर्देशिका बनाएरै आयातदेखि निर्माणसम्मको तहमा कडाइ गर्न लागेको छ । विभागले तयार पारेको निर्देशिकाको मस्यौदामा सवारीसाधन आयातकर्ताका लागि समेत मापदण्ड तोकिएको छ । आयातकर्ताले लगातार ३ वर्षसम्म तोकिएको मापदण्ड पूरा गर्न नसके आयात अनुमति नै रद्द हुने प्रावधान राखिएको छ ।

- **आयात स्वीकृतिका लागि विभागसमक्ष पेश गरिने प्रस्तावित योजनामै पूर्वाधार योजना समावेश हुनुपर्ने**
- **चारपांग्रे वा त्योभन्दा बढीको हकमा नेपालको सडक अवस्थामा न्यूनतम माइलेज प्रतिचार्ज ३०० किलोमीटर हुनुपर्ने**
- **आयात गरिने गाडीको थान अनुसार चार्जिङ स्टेशन, सर्भिस सेन्टर र इन्जिनीयरसहितका प्राविधिक राख्नुपर्ने**



विद्युतीय सवारीका ब्याट्रीको न्यूनतम आयु ७ वर्ष वा ३ हजार चार्जिङ साइकल हुनुपर्ने, सुरक्षा फिचरको रूपमा थर्मल म्यानेजमेन्ट सिस्टम हुनुपर्ने, ब्याट्रीले हाइभोल्टेज परीक्षण, दबाब परीक्षण, तापमान, कम्पनसहित मेकानिकल झट्का परीक्षण पास गरेको रिपोर्ट पेश हुनुपर्नेलगायत व्यवस्था निर्देशिकामा गरिएको छ । त्यस्तै आयातकर्ताले विद्युतीय सवारीका पुर्जाहरू र प्राविधिक जनशक्तिको व्यवस्थासमेत गर्नुपर्ने उल्लेख छ ।

प्रस्तावित निर्देशिकाअनुसार ब्याट्रीको डिजाइन र प्रयोगमा विद्युतीय, मेकानिकल र रासायनिक खतराहरू कम गर्ने प्रयोजनका लागि सवारीसाधनमा प्रयोग हुने ब्याट्रीले यूएल २५८० वा आईईसी ६२१३३ वा एआईएस ०४९, आईएस १७०१७ सरहको सुरक्षा मापदण्ड पूरा गरेको हुनुपर्नेछ ।

विद्युतीय सवारीको चार्जिङ प्रणाली नेपालको विद्युत् ग्रीड र चार्जिङ स्टेशनसँग अनुकूल हुनुपर्छ । विद्युतीय सवारीसाधन आयात गर्ने फर्म वा कम्पनीले उल्लिखित पूर्वाधारको अतिरिक्त बेसिक लेभलको ब्याट्री मर्मत सुविधा तथा प्राविधिक जनशक्तिको ट्रेनिङ तथा विकाससम्बन्धी पूर्वाधारसमेत तयार गर्नुपर्नेछ । आयात स्वीकृतिका लागि विभागसमक्ष पेश गरिने प्रस्तावित योजनामा पूर्वाधारको योजनासमेत प्रस्तुत गर्नुपर्नेछ ।

नेपालमा आयात हुने विद्युतीय सवारीसाधन एकपटक पूर्णरूपमा चार्ज गर्दा नेपालको सडक अवस्थामा न्यूनतम माइलेज (प्रतिचार्ज किलोमीटर) चारपांग्रे वा त्योभन्दा बढीको सवारीका लागि ३०० किलोमीटर र दुई वा तीनपांग्रेका लागि १०० किलोमीटर हुनुपर्नेछ । विद्युतीय सवारीसाधनमा प्रयोग हुने मोटर आईईसी ६००३४-१/६००३४-५ मा तोकिएको मापदण्ड तथा गुणस्तर पालना गरेको हुनुपर्ने भनिएको छ । ५ केडब्ल्यूभन्दा माथिको मोटरको हकमा मोटरको इफिसियन्सी क्लास आईईफोर, प्रोटेक्सन क्लास आईपी ५५, इन्सुलेशन क्लास एफ, ड्युटी टाइप एसटु, रेसियो अफ पिक टु रेटेड पावर १ दशमलव ५ देखि २ दशमलव ५ हुनुपर्नेछ ।

मोटरको नेमप्लेटमा निर्माताको नाम वा लोगो, मोटरको मोडेल नम्बर र प्रकार, रेटेड र पिक पावर (केडब्लु), रेटेड भोल्टेज, करेन्ट, गति (आरपीएम) र फ्रिक्वेन्सी, मोटरको निर्माण वर्ष र सिरियल नम्बर स्पष्ट रूपमा उल्लेख भएको हुनुपर्छ ।

निर्देशिकाअनुसार सवारीको प्रकार अनुमोदन गर्ने निकायले एसएई जे २ ९०८ मापदण्डको आधारमा मोटरको पिक पावर, रेटेड पावर, भोल्टेज, करेन्ट, दक्षता र टर्क परीक्षण गरिएको छुट्टै डाटासिट डिजिटल र भौतिक रूपमा विभागसमक्ष पेश गर्नुपर्ने छ ।

विभागले प्रस्ताव गरेको निर्देशिकामा नेपालमा जडान (एसेम्बल) र उत्पादनसम्बन्धी छुट्टाछुट्टै व्यवस्था गरेको छ । एसेम्बलका लागि पार्टपुर्जा पैठारीका लागि अनुमति लिनुपर्ने व्यवस्था गरिएको छ । जसमा सवारी जडानकर्ताले आफूले जडान गर्न चाहेको कुनै मोडेलको सवारीका लागि आवश्यक पूर्ण रूपमा अलग एसकेडी वा आंशिक रुपमा अलग एसकेडी पार्टपुर्जा पैठारी गर्ने अनुमति प्राप्त गर्न आधिकारिक कागजातका प्रतिलिपि संलग्न राखी विभागसमक्ष निवेदन दिनुपर्नेछ ।

सवारीको विस्तृत प्राविधिक विवरण, सवारीको मोडलका लागि सम्बद्ध देशको सक्षम निकायबाट दिइएको प्रकार अनुमोदन प्रमाणपत्र, सवारीमा प्रयोग हुने पार्टपुर्जाको समेत छुट्टै प्रकार अनुमोदन भएको भए त्यस्ता प्रकार अनुमोदन प्रमाणपत्रहरू, सम्बद्ध राष्ट्रमा सवारीको त्यस्तो मोडेलका लागि पछिल्लोपटक दिइएको उत्पादनको तादात्म्यता प्रमाणपत्र, पैठारी गर्न लागिएका पार्टपुर्जाको परिमाणसमेत खुलेको विस्तृत सूची र पैठारी गर्न लागिएका पार्टपुर्जाको प्रोफर्मा इन्भ्वाइस संलग्न हुनुपर्ने छ ।

नेपालमा उत्पादन हुने सवारीसम्बन्धी व्यवस्था पनि गरिएको छ । यसमा डिजाइन स्वीकृति, सवारी उत्पादनका लागि पार्टपुर्जा पैठारीको अनुमति, प्रोटोटाइप सवारी उत्पादन, प्रकार अनुमोदन, प्रकार अनुमोदन प्रमाणपत्र, प्रकार अनुमोदन प्रमाणपत्रको मान्यता अवधि, प्रकार अनुमोदन प्रमाणपत्र अद्यावधिक गर्नुपर्ने, उत्पादन योजनाको स्वीकृति, सवारीको उत्पादन, उत्पादनको तादात्म्यता प्रमाणपत्रलगायत विभागबाट लिनुपर्ने छ । यसरी नेपालमा जडान भएका र उत्पादन भएका सवारी विदेश लगेर परीक्षण गरेर ल्याउन सकिने व्यवस्थासमेत गरिएको छ ।

त्यस्तै, सवारी आयातकर्ताले निश्चित वर्षसम्म सर्भिस दिनुपर्ने, वर्कसप बनाउनुपर्ने, विद्युतीय सवारी बिक्री गरेपछि संख्याका आधारमा चार्जिङ स्टेशन राख्नुपर्नेलगायत बाध्यकारी व्यवस्था लागू गर्ने प्रस्ताव गरिएको छ ।

विद्युतीय सवारीसाधन आयात गर्नेले कम्तीमा ५ ओटा चार्जिङ स्टेशन बनाउनुपर्ने छ । वार्षिक ५०० युनिट ईभी आयात गर्नेले पाँचओटा चार्जिङ स्टेशन, तीनओटा सर्भिस सेन्टर कम्तीमा ४०० वर्गमीटरमा, १ जना इन्जिनीयरसहित पाँच जना प्राविधिकको व्यवस्था गर्नुपने मस्यौदामा उल्लेख छ ।

त्यसैगरी, हजार युनिट ईभी आयात गर्नेले १० ओटा चार्जिङ स्टेशन, ५ ओटा सर्भिस सेन्टर, १० जना प्राविधिक र ५ हजार युनिटसम्म आयात गर्नेले २० ओटा चार्जिङ स्टेशन, एउटा ब्याट्री व्यवस्थापन केन्द्र, १० ओटा सर्भिस सेन्टर, ३ इन्जिनीयरसहित १५ प्राविधिक राख्नुपर्ने उल्लेख गरिएको छ । ५ हजार युनिटभन्दा बढी आयात गर्नेले ५० ओटा चार्जिङ स्टेशन, एउटा ब्याट्री व्यवस्थापन केन्द्र, १५ ओटा सर्भिस सेन्टर र ४ जना इन्जिनीयरसहित २० जना प्राविधिक कर्मचारी राख्नुपर्नेछ ।

### जगदुल्ला हाइड्रोपावरको ठेक्का

# नक्कली कागजात पेश गरेको आरोप लगाउने कम्पनीचाहिँ नक्कली भएको दाबी

प्रशान्त खड्का

काठमाडौं

- **सिभिल र हाइड्रोमेकानिकल कामका लागि दुई चिनियाँ कम्पनीबीच प्रतिस्पर्धा**
- **प्रतिस्पर्धीले नक्कली कागज पेश गरेर ठेक्का हात पार्न खोजेको भन्दै अर्को चिनियाँ कम्पनीबाट प्रहरीमा उजुरी**
- **तोकिएको योग्यता पुष्टि गर्ने कागजात नक्कली भएको उजुरीकर्ताको दाबी**
- **पेश गरेको कागजात नक्कली भएको भन्दै सम्बद्ध कम्पनी दाबी गर्नेबाट समेत जगदुल्लामा पत्र प्राप्त**
- **यसरी पत्र पठाउने कम्पनी नै नक्कली भएको जगदुल्लाका उच्च अधिकारीको भनाइ**

जगदुल्ला हाइड्रोपावरको ठेक्का हात पार्न चिनियाँ कम्पनी जियाङ्सी कन्सट्रक्शन इन्जिनीयरिङ कर्पोरेशन (जेसीईई) ले पेश गरेको कागजात नक्कली हो भनेर पत्र पठाउने अर्को कम्पनी नै नक्कली भएको जगदुल्ला कम्पनीले दाबी गरेको छ ।

गत अप्रिल २२ मा जगदुल्ला हाइड्रोपावर कम्पनीले परियोजनाको सिभिल र हाइड्रोमेकानिकल कामको लागि चिनियाँ कम्पनी जियाङ्सी कन्सट्रक्शन इन्जिनीयरिङ कर्पोरेशन (जेसीईई) र सिनो हाइड्रो कर्पोरेशन लिमिटेडको प्राविधिक प्रस्तावको मूल्यांकनमा उत्तीर्ण भएको भन्दै सूचना निकालेको थियो ।

दुई चिनियाँ कम्पनीहरूबीच ठेक्का हात पार्ने प्रतिस्पर्धामा नक्कली कागजात पेश गरी ठेक्का हात पार्न लागेको विषय सतहमा आएको हो । जगदुल्लाले इन्जिनीयरिङ, खरीद र निर्माण (ईपीसी) मोडलमा १०६ मेगावाटको यो परियोजना निर्माण गर्न बोलपत्र आह्वान गरेको थियो ।

जेसीईई र उसको ज्वाइन्ट भेन्चर पार्टनर एएनके कन्सट्रक्शन नेपाल जेभीले जलविद्युत् आयोजना निर्माण गरेको अनुभवको योग्यता पुऱ्याउन नक्कली कागजतात पेश गरेको भन्दै गत जेठ दोस्रो साता एक चिनियाँ कम्पनीले जगदुल्लालाई पत्र पठाएको थियो ।

जेसीईई/एएनकेले चीनकै अर्को कम्पनी हेचाउ साङचेङ इलेक्ट्रिक पावर कम्पनीसँग मिलेर चीनमा आफूले ९० मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माण गरेको कागजात पेश गरेको थियो ।

तर, जेसीईई/एएनकेले अनुभव पुऱ्याउन पेश गरेको उक्त कागजात नक्कली भएको भन्दै आफूलाई हेचाउ साङचेङ कम्पनी दाबी गर्दै चीनबाट गत महीना जगदुल्ला हाइड्रोपावर कम्पनीका नाममा इमेलमार्फत एक पत्र आएको थियो ।


तर, इमेलमार्फत आएको उक्त पत्र र पत्र पठाउने कम्पनी नै नक्कली भएको जगदुल्ला हाइड्रोपावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत सञ्जय सापकोटाले आर्थिक अभियानलाई बताए ।

'आफूलाई हेचाउ साङचेङ कम्पनी दाबी गर्दै चीनबाट इमेल पत्र पठाउने कम्पनी नै झूटो हो भन्ने हाम्रो बुझाइ छ । हेचाउ कम्पनीकै जस्तो नक्कली इमेलमार्फत पत्र आएको हो । त्यसरी आएको पत्रको कपीहरू सरकारका सम्बद्ध निकायका सट्टा पत्रकारका संस्थालाई समेत पठाइएको थियो,' सापकोटाले भने । 'यदि उक्त कम्पनी आधिकारिक भएको भए विद्युत् नियमन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोगसहित ऊर्जा मन्त्रालयलाई पत्रको कपी पठाउनुपर्ने थियो । त्यसो नभई तेस्रो निकायलाई समेत उक्त पत्रको कपी जानुले उक्त कम्पनी झूटो हो भन्ने शंका पैदा भएको हो ।'

जेसीईईले ठेक्का प्रक्रियामा सहभागी हुँदा हेजाउ साङचेङ कम्पनीसँग मिलेर चीनमा जलविद्युत् आयोजना बनाएको कागजात पेश गरेको छ ।

» बाँकी पृष्ठ ५ मा

# दुई संसदीय समितिको विरोधाभासपूर्ण निर्देशनले धितोपत्र बोर्डलाई अन्योल




प्रजिता बुढाथोकी

काठमाडौं

- **२०८० पुस १२ गते प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिबाट ९० रूपैयाँभन्दा कम प्रतिशेयर नेटवर्थ भएका कम्पनीलाई आईपीओ अनुमति नदिन निर्देशन**
- **२०८२ जेठ १९ गते बसेको प्रतिनिधिसभाको अर्थ समिति बैठकबाट ९० रूपैयाँभन्दा कम नेटवर्थ भएका कम्पनीको आईपीओ नरोक्न निर्देशन**
- **२०८२ असार ५ गते सार्वजनिक लेखा समितिबाट बोर्डलाई पुनः पत्राचार गर्दै २०८० पुस १२ गतेको निर्देशन कार्यान्वयनको अवस्थाका विषयमा जानकारी माग**

### आईपीओका लागि नेटवर्थ विवाद


वास्तविक प्रतिशेयर नेटवर्थ ९० रुपैयाँभन्दा कम भएका कम्पनीलाई प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) अनुमति दिने/नदिने सम्बन्धमा दुई संसदीय समितिले विरोधाभासपूर्ण निर्देशन दिएपछि नेपाल धितोपत्र बोर्ड अन्योलमा परेको छ ।

२०८० पुस १२ गते प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले ९० रुपैयाँभन्दा कम प्रतिशेयर नेटवर्थ भएका कम्पनीलाई आईपीओ अनुमति नदिन निर्देशन दिएको थियो । उक्त निर्देशन कायमै रहेको सन्दर्भमा बोर्डले हालसम्म त्यस्ता कम्पनीलाई आईपीओ स्वीकृति दिएको छैन । हालै १३ ओटा यस्ता कम्पनीलाई बोर्डले स्वीकृति कुरेर बसेका कम्पनीहरूको सूचीबाटै हटायो । अर्को एउटा कम्पनीको विद्युत् खरीद बिक्री सम्झौता (पीपीए) अवधि कम देखिएको भन्दै उक्त सूचीबाट हटायो ।

जेठ १९ गते बसेको प्रतिनिधिसभाको अर्थ समिति बैठकले ९० रुपैयाँभन्दा कम नेटवर्थ भएका कम्पनीको आईपीओ नरोक्न बोर्डलाई निर्देशन दियो । समितिले बोर्डलाई सोही बेहोराको चिठी लेखिसकेको छ ।

अर्थ समितिले सार्वजनिक लेखा समितिले दिएको नेटवर्थसम्बन्धी निर्देशन कानूनबमोजिम नरहेको निष्कर्ष निकाल्दै बोर्डलाई आईपीओ स्वीकृतिका लागि निर्देशन दिएको हो । यसरी दुई संसदीय समितिबाट विरोधाभासपूर्ण निर्देशन आएपछि बोर्ड अन्योलमा परेको बोर्डका एक उच्च अधिकारीले बताए ।

» बाँकी पृष्ठ ५ मा



# धनुषाका किसानलाई ३६ करोड ३९ लाखको रासायनिक मल विक्री



धनुषा । कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधाम शाखाले चालू आर्थिक वर्ष २०८१-८२ को हालसम्म ३६ करोड ३९ लाख ६३ हजारको रासायनिक मल विक्री गरेको छ । हालसम्म १४ करोड ३० लाख २२ हजारको युरिया, २२ करोड २४ लाख ६५ हजारको डीएपी र ८४ लाख ७५ हजारको पोटास विक्री वितरण गरेको कार्यालयका निमित्त कार्यालय प्रमुख बेचन साहले बताए ।

कार्यालयका अनुसार आव २०८१-८२ देखि हालसम्म कम्पनीले आठ हजार एक सय ७२ मेट्रिकटन युरिया प्राप्त गरेको छ । यसैगरी डीएपी पाँच हजार दुई सय ५८ मेट्रिकटन र पोटास दुई सय ९७ मेटन प्राप्त गरेको हो ।

प्रमुख साहका अनुसार प्राप्त रासायनिक मलबाट कम्पनीले हालसम्म युरिया आठ हजार चार सय आठ दशमलव एक सय ५० मेट्रिकटन, डीएपी चार हजार आठ सय ३५ दशमलव एक सय ५० मेट्रिकटन र पोटास दुई सय ४९ दशमलव दुई सय मेट्रिकटन मलखाद विक्री वितरण गरिएको छ ।

प्रमुख साहका अनुसार गत वर्षको बाँकी मौज्दात युरिया ९६२ दशमलव पाँच सय मेट्रिकटन, डीएपी ८३ दशमलव सात सय ५० मेट्रिकटन र पोटास ९८ दशमलव पाँच सय मेट्रिकटन रहेको थियो ।

कार्यालयका अनुसार चालू आर्थिक वर्षमा युरिया प्रतिबोरा आठ सय रुपैयाँ, डीएपी २३ हजार र पोटास १७ हजार विक्री मूल्य रहेको निमित्त प्रमुख बेचन साहले जानकारी दिए ।

कृषि सामग्री कम्पनी लिमिटेड जनकपुर शाखाले धनुषा र महोत्तरी गरी दुई सय नौ डिलरमार्फत उक्त मल वितरण गर्दै आएको छ । मलखाद निर्देशिका, २०७७ बमोजिम प्रत्येक पालिकामा स्थानीय मलखाद्य वितरण व्यवस्थापन समिति छ । उपमेयर वा उपाध्यक्षको प्रमुख संयोजक र सदस्यमा प्रशासकीय अधिकृत, कृषि शाखा प्रमुख कृषि सदस्य सचिव रहेको समितिले रासायनिक मलको दर रेट, कालो बजारी नियन्त्रण, विक्रीवितरण व्यवस्थापनको जिम्मा लिएको छ । *रासस*


## टुरिजम इन्भेष्मेन्ट फण्ड लिमिटेड

**दर्ता नं. २२६६०० ⁄०७६ ⁄०७७,पोखरा महानगरपालिका वडा नं. ०८ कास्की**

## पाचौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०३/०६**

**दास्रो पटक सूचना प्रकाशित मिति २०८२/०३/१८**

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०८२/०२/१५ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको आ. व. २०८०/०८१ को पाँचौ वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्नलिखित प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्नको लागी बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

१. **सभा हुने मिति, समय र स्थान**

**मिति:** २०८२ साल असार २८ गते शनिवार।

**समय:** बिहानको ८:३० बजे।

**स्थान:** पोखरा महानगरपालिका-६, स्थित होटल पौवा, लेकसाईड स्ट्रिट नं. १ बैदाम, पोखरा, कास्की।

२. **छलफलका विषयहरु:**

**क. सामान्य प्रस्ताव:**

१. कम्पनीको अध्यक्षज्यूबाट प्रस्तुत आ. व. २०८०/०८१ को वार्षिक प्रतिबेदनमाथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. आ. व. २०८०/०८१ को लेखापरीक्षकको प्रतिबेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचिहरु सहितको वित्तिय विवरणहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आगामी आ. व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्ताव:**

१. कम्पनीको रजिष्टर्ड कार्यालय रहेको ठेगाना परिवर्तन गरी कम्पनीको प्रबन्धपत्रको दफा २ र नियमावलीको नियम २ को व्यवस्था संशोधन गर्ने सम्बन्धमा।
२. कम्पनीको उद्देश्य थप तथा परिमार्जन गरी कम्पनीको प्रबन्धपत्रको दफा ४ को व्यवस्था संशोधन गर्ने सम्बन्धमा।
३. कम्पनीको पुँजी संरचना परिवर्तन गरी कम्पनीको प्रबन्धपत्रको दफा ६ को व्यवस्था संशोधन गर्ने सम्बन्धमा।
४. जारी पुँजीको २०.५३ प्रतिशत हुन आउने रकम प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) को निमित्त नियामक निकायसँग स्वीकृतिका लागि पेश गर्ने सम्बन्धमा र सो सम्बन्धी सम्पूर्ण कार्यहरुको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।
५. कम्पनीको नियमावली को नियम २७ को व्यवस्था संशोधन गर्ने सम्बन्धमा।
६. सञ्चालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या परिवर्तन गरी कम्पनीको नियमावलीको नियम २८ को व्यवस्था संशोधन गर्ने सम्बन्धमा।
७. सञ्चालकको पारिश्रमिक, बैठक भत्ता र अन्य सुविधा निर्धारण गर्ने सम्बन्धमा।
८. रिक्त सञ्चालक समितिमा आवश्यक सञ्चालक पदपूर्ति गर्ने सम्बन्धमा।
९. सञ्चालक समितिको बैठकको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
१०.लगानी सम्बन्धमा।
११.लाभांश वितरण गर्ने सम्बन्धमा।

**ग. विविध।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



## नेपाल पुनर्बीमा कम्पनी लिमिटेड

(नेपाल सरकारको स्वामित्वमा स्थापित)

**Nepal Reinsurance Co.Ltd. (Nepal Re.)**
(An undertaking of Nepal Government)
नेपाल बीमा प्राधिकरणबाट इजाजत प्राप्त

**थापाथली, काठमाडौं, नेपाल**
**फोन नं.** ०१-५९७०४०१, ५९७०४०२
**ईमेल:** nepalre@ntc.net.np
**वेभसाइट:** www.nepalre.com.np

## आ.व. २०८१/८२ को बाह्य लेखापरीक्षण फर्म छनौट गर्ने सम्वन्धी सूचना

नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको आ.व.२०८१/८२ को लागि बाह्य लेखापरीक्षण (Statutory Audit) गर्नका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भई लेखापरीक्षण गर्न व्यक्ति तथा इच्छुक लेखा फर्महरुसँग शिलबन्दी प्रस्ताव माग गरिएको छ ।

**योग्यता सम्वन्धी मापदण्डहरु :**

१. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट लेखापरीक्षण गर्न पेशागत प्रमाणपत्र (Certificate of Practice) प्राप्त गरि नियमानुसार नविकरण भएको,
२. प्रचलित कानुन बमोजिम आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर (PAN)/मुल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र प्राप्त गरेको तथा अघिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको,,
३. पेशागत प्रमाणपत्र प्राप्त गरि कम्तिमा पाँच (५) वर्ष पब्लिक लिमिटेड कम्पनीको लेखापरीक्षण सम्वन्धी कार्यमा संलग्न भएको,
४. बीमकको वित्तीय विवरणलाई प्रभाव पार्ने कम्प्युटर प्रणालीबाट उत्पादित सूचना तथ्याङ्कको विश्वासनियता परीक्षण गर्ने क्षमता भएको,
५. लेखापरीक्षक/लेखापरीक्षण गर्ने संस्था वा सो का साझेदारहरु लेखा व्यवसाय नियमन गर्ने निकाय नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) बाट विगत ५ वर्षमा कुनै कारवाहीमा नपरेको स्वघोषणाको प्रमाणित प्रतिलिपी
६. कर्जा सूचना केन्द्रको कालो सूचीमा नपरेको वा कर्जा चुक्ता सम्वन्धमा सार्वजनिक सूचना प्रकाशन गरि कारवाहीमा नपरेको,
७. सार्वजनिक लेखा वा अख्तियार दुरुपयोग सम्वन्धी कारवाहीमा नपरेको,
८. वरिष्ठता (Fellowship) पेशागत प्रमाणपत्र प्राप्त भएको ।

**प्रस्तावमा समावेश हुनु पर्ने कागजातहरु :**

१. लेखा फर्मको प्रोफाइल र अनुभव विवरण,
२. वैध ICAN दर्ता प्रमाणपत्र,
३. स्थायी लेखा नं. (PAN) / मुल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र,
४. आर्थिक प्रस्ताव (खामबन्दी गरी पेश गर्नुपर्ने),
५. विगतमा लेखापरीक्षण गरिएका बीमा, पुनर्बीमा वा अन्य कम्पनीहरुको सूची ।

**प्रस्ताव बुझाउने अन्तिम म्याद :**

इच्छुक लेखा फर्महरुले आफ्नो प्रस्ताव यस कम्पनीको केन्द्रिय कार्यालयमा २०८२ असार ३२ गते भित्र बुझाई सक्नुपर्नेछ । रित नपुगेका तथा तोकिएको समयपछि प्राप्त भएका प्रस्तावहरु स्वीकृत गरिने छैनन् ।

**छनौट प्रक्रिया :**

कम्पनीले प्राविधिक प्रस्ताव तथा आर्थिक प्रस्तावको मूल्याङ्कन गरि आन्तरिक लेखा छनोट समितिको सिफारिस अनुसार लेखा फर्मको छनौट गर्नेछ । कम्पनीले प्राप्त कुनै वा सबै प्रस्तावहरु स्वीकृत वा अस्वीकृत गर्ने अधिकार सुरक्षित राख्दछ ।




तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**कीर्तिपुरको चोभारस्थित बागमती किनारमा मानिसहरु । अहिले सरकारले चोभारको गल्छी काट्ने प्रस्ताव अघि सारेपछि विरोध भइरहेको छ ।**

## सिरहामा आँप उत्पादनमा कमी

सिरहा । सिरहामा यस वर्ष आँप उत्पादनमा ह्रास आएको छ । कृषि ज्ञान केन्द्र सिरहाका अनुसार यस वर्षमा आँप उत्पादन ५९ हजार ८६६.५ मेट्रिक टनमा सीमित भएको छ । गतवर्ष ९९ हजार दुई सय ३५ मेट्रिक टन उत्पादन भएको थियो ।

कृषि ज्ञान केन्द्र सिरहाका सूचना अधिकारी किरण विश्वकर्माका अनुसार आँप उत्पादनमा कमी आउनुको मुख्य कारण एक वर्ष प्रशस्त फल लाग्ने र अर्को वर्ष तुलनात्मक रूपमा कम फल लाग्ने प्राकृतिक कारण हो । त्यसैगरी उत्पादनमा कमी हुनुमा सिँचाइको अभाव, समयमै आवश्यक औषधि उपचार नहुनु र कीराको प्रकोप जस्ता कारण पनि जिम्मेवार रहेको उनले बताए ।

उत्पादन घटेपछि बजारमा आँपको आपूर्ति घटेको छ, जसले मूल्यमा सामान्य वृद्धि ल्याएको छ । लगानी अनुसार आम्दानी नहुँदा धेरै किसान निराश भएका छन् । सिरहा जिल्ला आँपको उत्पादनका लागि परिचित छ । उत्पादन घटेसँगै स्थानीय बजार, व्यापारी र फलफूल प्रशोधन केन्द्रमा प्रत्यक्ष असर परेको छ । आँप खेतीको उत्पादन चक्रलाई ध्यानमा राखी दीर्घकालीन नीति आवश्यक रहेको सरोकारवालाको भनाइ छ । सिँचाइ सुविधा, आधुनिक रोग नियन्त्रण प्रविधि र किसानलाई आँप उत्पादनसम्बन्धी ज्ञानको कमीले प्रत्येक वर्ष उत्पादनमा अस्थिरता देखिन्छ । *रासस*

# लमजुङका आयोजनाबाट पूर्ण क्षमतामा विद्युत् उत्पादन

लमजुङ । हिउँदको समयमा घटेको विद्युत् उत्पादन वर्षा लागेपछि लमजुङमा जडित जलविद्युत् आयोजनाबाट पूर्ण क्षमतामा विद्युत् उत्पादन भएको छ । यहाँ मर्स्याङ्दी नदी, दोर्दी, मिदिम, खुदी, स्याँगेलगायतका खोलामा पर्याप्त पानी हुन थालेसँगै केही हप्ता अघिदेखि जिल्लाका १७ आयोजनाबाट पूर्ण क्षमतामा बिजुली उत्पादन भएको हो । गत मङ्सिरदेखि आयोजनाहरूबाट विद्युत् उत्पादन घटेको थियो ।

जिल्लामा उत्पादन थालेको सबैभन्दा ठूलो बेँसीशहर नगरपालिका-१ दलालस्थित ७० मेगावाट क्षमताको मध्य-मर्स्याङ्दी जलविद्युत् आयोजनामा गत मङ्सिरको शुरुआतदेखि नै विद्युत् उत्पादन घटेर यस आयोजनाको विद्युत् २४ मेगावाट मात्र उत्पादन हुने गरेको थियो । यतिबेला भने मर्स्याङ्दी नदीमा पर्याप्त पानी भएकाले ७० मेगावाट नै बिजुली उत्पादन भइरहेको मध्य-मर्स्याङ्दी जलविद्युत् आयोजना केन्द्रका प्रमुख पवन बस्नेतले बताए । गतवर्षको तुलनामा केही ढिलो गरी विद्युत् उत्पादन बढेको उनको भनाइ छ । मध्य-मर्स्याङ्दी आयोजना सन् २००८ मा निर्माण सम्पन्न भएको हो । उक्त आयोजना रू. २७ अर्ब २० करोडको लागतमा निर्माण सम्पन्न भएको थियो । यो जलविद्युत् आयोजना जिल्लाकै पहिलो जलविद्युत् आयोजना हो ।



यसपछि जिल्लामा क्रमशः आयोजना निर्माण हुँदै बिजुली उत्पादन हुन थालेको छ । सो आयोजनापछि मर्स्याङ्दी गाउँपालिका-८ भुलभुलेमा ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजनाले बिजुली उत्पादन थाल्यो । यस आयोजनामा पनि हिउँदमा बिजुली उत्पादन घटेर २५ मेगावाट मात्र उत्पादन भएकोमा अहिले नदीमा पानी पर्याप्त भएसँगै पूर्ण क्षमतामा उत्पादन भइरहेको आयोजनाका इन्जिनियर कर्ण अधिकारीले बताए । उनले भने, 'यस वर्ष उत्पादन घट्दा २५ मेगावाटको एउटा टर्बाइन मात्र चलाएका थियौं, अहिले दुईओटा चलाएका छौं ।'

त्यसैगरी दोर्दी कोरिडोरमा रहेको पिपुल हाइड्रोपावर कम्पनीले निर्माण गरेको दोर्दी-६ ढोडेनीस्थित ५४ मेगावाट क्षमताको सुपरदोर्दी 'ख' आयोजनाबाट पनि विद्युत् उत्पादन बढेको छ । हिउँमा बिजुली उत्पादन घटेर १३-१४ मेगावाट मात्र बिजुली उत्पादन भएकोमा हाल पूर्ण रूपमा बिजुली उत्पादन भइरहेको आयोजनाले जनाएको छ । त्यसैगरी, ३० मेगावाटको डादी जलविद्युत् आयोजना, दोर्दी कोरिडोरमा रहेको हिमालयन पावर पार्टनर लिमिटेड कम्पनीले निर्माण गरेको २७ मेगावाट क्षमताको दोर्दीखोला जलविद्युत्, दोर्दी-६ ढोडेनीमा लिबर्टी इनर्जी हाइड्रोपावरले निर्माण गरेको २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी 'ए' आयोजना, चार दशमलव चार मेगावाटको राँधी, तीन मेगावाटको मिदिम करापु तथा दुई मेगावाटको छ्याङ्दी आयोजनाबाट बिजुली पूरै क्षमतामा उत्पादन भएको छ । जिल्लामा उत्पादित विभिन्न आयोजनाबाट ३०० मेगावाट बिजुली उत्पादन भएको बताइएको छ । *रासस*


## अष्टसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

टोखा-४, धापासी, काठमाडौं

फोन नं.: ०१४३७८९४६,E-Mail: austasiddhisaving@gmail.com

## काठमाण्डौबाट ऋण लिई कारोबार गर्ने तपशिलका ऋणी सदस्यलाई लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

**(दोस्रो पटक प्रकाशित मिति : २०८२/०३/१८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक)**

यस अष्टसिद्धि बचत तथा ऋण सहकारी संस्था लि. धापासी काठमाण्डौका तपसिलमा उल्लेखित तपाई ऋणी सदस्यले ऋण कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त ऋण कर्जाको संस्थालाई समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज आदी चुक्ता भुक्तान गर्न आउन तपाईलाई पटक-पटक लिखित तथा मौखिक तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्था गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउन ३५ दिनेकर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना, धितो लिलाम सम्बन्धी ३५ (पैतिस) दिने सुचना प्रकाशित गर्दा समेत चासो नदेखाई बेवास्ता गरि बसेकोले धितो सुरक्षणमा रहेको तपशिलमा लेखिएको अचल **सम्पति, जग्गा तथा अन्य, निर्माण कार्यहरु लगाएतका सम्पूर्ण लिगलगापातहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्न यो धितो लिलाम सम्बन्धी ७ (सात) दिने सुचना प्रकाशित** गरिएको छ । सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम चुक्ता/भुक्तानी गर्नुहोला । अन्यथा तपाईं ऋणी तथा जमानी सदस्यहरुले यस संस्थालाई कर्जाको सुरक्षण बापत लेखि/लेखाई दिएको चल-अचल सम्पत्ति वा कर्जा असुलीको सिलसिलामा पछि संस्थाबाट रोक्का राखिएको चल/अचल सम्पति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको विनियम र कर्जा नियमावली बमोजिम सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा तपशिलमा उल्लेखित मिति, समय र स्थानमा लिलाम बिक्रि गरिने ब्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सूनना प्रकाशित गरिएको छ । सम्बन्धित ऋणीका प्रतिनिधिहरुलाई समेत इच्छा भएमा लिलाम हुने मिति,स्थान र समयमा उपस्थित हुन समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणीको नाम र ठेगाना | धन जमानी बस्नेको नाम: | कर्जा शीर्षक |
|---|---|---|
| **१. नाम. विमला लामा**<br>ठेगाना : टोखा वडा नं. ४, काठमाण्डौं ।<br>ना.प्र.प.न : १०८५<br>पतिको नाम : रमेश कुमार लामा<br>ससुराको नाम : बुध सिं तामाङ्ग<br><br>**धितोको विवरण:**<br>श्री विमला लामाको नाममा मालपोत कार्यालय मनमैजु काठमाण्डौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला काभ्रेस्थली वडा नं.६क स्थित कि.नं.१०९५,११०९ को क्षेत्रफल २३.८५ र १२३.२० ब.मी. भएको जग्गा तथा सोमा रहेको सम्पूर्ण लिगलगापात समेत । | **१.नाम : सानुमाया लामा**<br>ठेगाना : लिखु गा.वि.स. वडा नं.२ नुवाकोट हाल टोखा वडा नं.४, काठमाण्डौं ।<br>ना.प्र.प.नं.: ८१५५२<br>बुबाको नाम : गोरे लामा<br>बाजेको नाम : लाल बदादुर लामा<br><br>**२.नाम : कुलमान तामाङ्ग**<br>ठेगाना : खार्पाचोक गा.वि.स. वडा नं.०७, काभ्रे हाल टोखा वडा नं.४, काठमाण्डौं ।<br>ना.प्र.प.न : ५५१३१<br>बुबाको नाम : धर्म सि तामाङ्ग<br>बाजेको नाम : जितमान तामाङ्ग | व्यक्तिगत |

**लिलाम हुने मिति, स्थान र समय:**

**मिति :** २०८२/०३/२५ बुधबार

**स्थान :** संस्थाको कार्यालय टोखा-४ धापासी, काठमाण्डौ ।

**समय :** दिनको ३:३० बजे देखि ४:३० सम्म ।

**लिलाम बिक्रीका शर्तहरु**

१) लिलाममा अन्तिम पटक सबैभन्दा बढी कबुल गर्ने ब्यक्तिले आफूले कबुल गरेको रकमको १० प्रतिशतले हुने रकम नगदै धरौटी बापत तुरुन्त बुझाउनु पर्नेछ ।
२) बोल कबोल गर्दा सबैभन्दा बढी अंक बोल्ने ब्यक्तिलाई उक्त सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थमा नै सुरक्षित रहने छ ।
३) लिलाम सकार गर्ने ब्यक्तिले स्वीकृति पत्र पाएको मितिले ७ दिन भित्र बाँकी रकम बुझाई नामसारी गर्नुपर्नेछ । नामसारी गरी नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतःजफत हुनेछ ।
४) तोकिएका दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै सरकारी कार्यालय खुल्ने दिन लिलाम बढाबढ हुनेछ ।
५) लिलाम बिक्री हुने अचल सम्पत्ति घर/जग्गाको सम्बन्धित कागजातहरु हेर्न चाहन हुने महानुभावहरुले यस संस्थाको कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ । कसैले पनि धितो सकार नगरेमा संस्थाले सम्पत्तिको स्वामित्व आफुमा लिन सक्नेछ ।
६) सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम तथा कर्जा लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नु पर्ने जायजेथा लिलाम बिक्री गर्दा लाग्ने सम्पूर्ण खर्च ऋणी स्वयंले ब्यहोर्नु पर्नेछ ।
७) सस्थामा सुरक्षणमा रहेको अचल धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणीको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ ।


## दूधमा आत्मनिर्भर काभ्रे ७० प्रतिशत आपूर्ति अन्यत्र जिल्लामा

काभ्रेपलाञ्चोक । दूधमा आत्मनिर्भर काभ्रेबाट उत्पादितमध्ये ७० प्रतिशत दूध संघीय राजधानी काठमाडौंलगायत केही जिल्लामा आपूर्ति हुने गरेको छ । केही वर्षदेखि जिल्लामा वार्षिक करीब डेढ लाख मेट्रिक टन अर्थात् १४ करोड ९२ लाख ८० हजार लिटर दूध उत्पादन हुने गरेको तथ्यांकले देखाएको छ ।

जिल्लामा वार्षिक एक लाख ४९ हजार २८० मेट्रिक टन दुग्ध उत्पादन हुने गरेको जिल्ला पशु सेवा कार्यालयले जनाएको छ । दुग्धमा आत्मनिर्भर यस जिल्लामा एक लाख ४७ हजार ८७४ गाई र एक लाख ३८ हजार ४९९ भैंसीबाट उक्त परिमाणमा दूध उत्पादन भएको जनाइएको छ । कार्यालयका अनुसार कुल गाईमध्ये हालको अवस्थामा ४३ हजार १०७ दूधालु गाई र ५९ हजार ३२० दूधालु भैंसी रहेका छन् । यस्तै जिल्लामा रहेका दूधालु गाईमध्ये २३ हजार ८३५ स्थानीय र १९ हजार २७२ उन्नत जातका छन् ।

जिल्लाका कुल दूधालु भैंसीमध्ये ३४ हजार ३४० स्थानीय र २४ हजार ९८० उन्नत जातको रहेको कार्यालयले जनाएको छ । कार्यालय प्रमुख डा. सृजा वाग्लेका अनुसार पछिल्लो समय जिल्लामा दुग्धको विक्रीबाट जिल्लामा भित्रने रकमबारे आधिकारिक तथ्यांक संकलन भइरहेको छ । जिल्लाको पनौती, बनेपा, मण्डनदेउपुर र पाँचखाल नगरपालिकामा सबैभन्दा बढी दूध उत्पादन हुँदै आएको कार्यालयको तथ्यांकले देखाएको छ ।

विसं २००९ देखि दूध बिक्री हुँदै आएको इतिहास रहेको काभ्रेपलाञ्चोकलाई २०७३ साउनमा 'दूधमा आत्मनिर्भर जिल्ला' घोषणा गरिएको थियो । जिल्ला दुग्ध उत्पादक सहकारी संघका अनुसार जिल्लामा उत्पादित कुल दूधमध्ये ७० प्रतिशतको हाराहारीमा अन्य जिल्लामा आपूर्ति भइरहेको छ । 'उत्पादित दूध तथा दुग्धजन्य पदार्थमध्ये ३० प्रतिशत जिल्लामा खपत हुने गरेको र बाँकी काठमाडौंलगायत अन्य जिल्लामा पनि दूध पठाइन्छ,' संघका अध्यक्ष नारायणप्रसाद बडालले भने । उनका अनुसार जिल्लाका विभिन्न क्षेत्रबाट ७० सहकारीले व्यवस्थित र एक सयभन्दा बढी निजी तवरबाट दूध संकलन हुँदै आएको छ ।

काभ्रेमा दैनिक करिब पाँच लाख लिटर दूध उत्पादन हुने गरेको बजारमा तीन लाख लिटर दूध विक्रीका लागि पठाइने गरिएको बडालले बताए । उनका अनुसार १३ स्थानीय तहमध्ये डाडाँपारिका खानीखोला, महाभारत र कोशीपारिस्थित चौंरीदेउराली तथा भुम्लु गाउँपालिकाबाट तरल दूध बजारमा आउने गरेको छैन । तरल दूध नआउने स्थानीय तहबाट मख्खन, छुर्पी, खुवा, पनिरलगायत दुग्धजन्य पदार्थ बजारमा आउने गरेको संघले जनाएको छ । संघका अनुसार जिल्लाबाट विशेषगरी काठमाडौंमा दूध पठाइनुका साथै पाण्डर बनाउन पोखरा, चितवन, हेटौंडामा समेत दूध पठाइने गरिएको छ । *रासस*


**नेपाल सरकार**
**उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## हक दावी गर्न आउने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०३/१२
दोस्रो पटक प्रकाशित मिति २०८२/०३/१८

यस कार्यालयमा मिति २०७५।०५।१३ मा दर्ता भएको टि.पि.एस.सि. इन्डिया, प्रा.लि. (प्रा.लि.नं. १८९१७४) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि २१ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



तस्वीर : रासस

**अछामको सदरमुकाम मंगलसेन बजारको मुख्य सडकमा स्थानीयवासी रोपाइँ गर्दै । सम्बन्धित निकायले सडक मर्मतमा ध्यान नदिँदा वर्षायाममा कष्टकर यात्रा गर्नुपरेकोमा विरोधस्वरूप स्थानीयले हिलाम्मे सडकमा धान रोपाइँ गरेका हुन् ।**

## ९७१ नम्बर रेन्जको मोबाइल नम्बर उपलब्ध गराउँदै एनसेल

काठमाडौं (अस) । एनसेलले नयाँ नम्बर रेन्ज ९७१ बाट शुरू हुने मोबाइल नम्बर उपलब्ध गराउने भएको छ । साउनको दोस्रो साताभित्रै नयाँ सिम वितरण थालिने कम्पनीको भनाइ छ । नेपाल दूरसञ्चार प्राधिकरणले गत जेठ १४ गते एनसेललाई यो नम्बर रेन्जका नम्बर वितरण गर्न अनुमति प्रदान गरेको बताइएको छ । प्राधिकरणले एनसेललाई जारी नम्बर रेन्ज ९८०, ९८१, ९८२, ९७० मार्फत सेवा प्रदान गर्न मोबाइल नम्बर अपुग भएकाले नयाँ नम्बर रेन्ज प्रदान गरेको बताइएको छ । एनसेलले विभिन्न सेवाप्रदायक कम्पनी, सरकारी तथा गैरसरकारी संस्था, कार्यालय, बैंक तथा वित्तीय संस्थालाई यो नयाँ नम्बर रेन्जलाई हाल सञ्चालनमा रहेका अन्य रेन्ज सरह ग्राहक सेवाका लागि आ-आफ्नो प्रणालीमा इन्टि्रगेट/अपडेट गर्न आग्रह गरेको छ ।

## सिद्धार्थ बैंक र सिप्रदी ट्रेडिङबीच कर्जासम्बन्धी सम्झौता




काठमाडौं (अस) । सिद्धार्थ बैंक लिमिटेड र नेपालका लागि टाटाको आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिबीच विद्युतीय ट्याक्सी कर्जा सुविधासम्बन्धी सम्झौता सम्पन्न भएको छ । उक्त सहकार्यअनुसार सिप्रदीमार्फत टाटा मोटर्स अन्तर्गतका विद्युतीय ट्याक्सी खरीद गर्ने ग्राहकले बैंकबाट छिटो, सहज र सुलभ ब्याजदरमा सवारीसाधन कर्जा प्राप्त गर्न सक्नेछन् । सो कर्जाको अवधि ५ वर्ष रहेको बताइएको छ ।

बैंकले यस सम्झौतामार्फत दिगो बैंकिङ अभ्यासलाई प्रवर्द्धन गर्दै वातावरणमैत्री विद्युतीय सवारीसाधनको प्रयोगलाई प्रोत्साहित गर्ने विश्वास लिइएको छ । यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको चौबीसै घण्टा सञ्चालनमा रहने ग्राहक सेवा केन्द्र 'सिद्धार्थ केयर'मा सम्पर्क गर्न सकिने बताइएको छ ।

## सामसङको 'ग्यालेक्सी बड्स कोर' सार्वजनिक

काठमाडौं (अस) । सामसङले वायरलेस इयरफोन 'ग्यालेक्सी बड्स कोर' नेपाली बजारमा सार्वजनिक गरेको छ । जुलाई १ देखि उपलब्ध यी बड्स दैनिक उपयोगका लागि डिजाइन गरिएको बताइएको छ, उत्कृष्ट साउण्ड, एक्टिभ न्वाइज क्यान्सिलेसन र ग्यालेक्सी एआईकोइन्टरप्रिटर फिचर सहितका यी बड्सको मूल्य रू. ७ हजार ३९९ पर्ने बताइएको छ ।



कालो र सेतो रंगमा उपलब्ध 'ग्यालेक्सी बड्स कोर' नेपालभरका सामसङका आधिकारिक विक्रेतामार्फत विक्री वितरणमा ल्याइएको बताइएको छ । कल न्वाइज रिडक्सनको सहयोगले धैरै हल्ला भएको ठाउँमा पनि स्पष्टसँग कुरा गर्न सकिने यी बड्स तीनओटा माइक प्रणालीले उत्कृष्ट भोकल स्पष्टता सुनिश्चित गर्ने बताइएको छ, जसले यी इयरबड्सलाई फोन कल, संगीत वा मिटिङका लागि उपयुक्त रहेको कम्पनीको भनाइ छ ।

## मुक्तिनाथ विकास बैंकद्वारा विभिन्न संस्थालाई सहयोग




काठमाडौं (अस) । मुक्तिनाथ विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न प्रदेशमा सामाजिक सहयोग कार्य सम्पन्न गरेको छ । बैंकले शिक्षालाई प्रोत्साहन दिँदै डोटीको पूर्वीचौकी गाउँपालिका-५ बटालागाँउस्थित नव प्रभाव आधारभूत विद्यालयमा अध्ययनरत ८७ जना छात्रछात्रालाई विद्यालय पोषाक उपलब्ध गराएको छ ।

त्यसैगरी बैंकले सुर्खेतको वीरेन्द्रनगर-४ स्थित प्रदेश अस्पताललाई १० थान ह्वीलचेयर प्रदान गरेको छ, जसबाट स्वास्थ्य सेवा लिन आउने बिरामी र ज्येष्ठ नागरिकलाई सहज हुने अपेक्षा बैंकको छ । साथै बैंकले धनकुटा जिल्ला अस्पतालमा समेत ७ थान तीन सिटर कुर्सी उपलब्ध गराएको बताइएको छ । बैंकले सामाजिक उत्तरदायित्वलाई आत्मसात् गर्दै स्वास्थ्य, वातावरण तथा वित्तीय साक्षरता लगायतका क्षेत्रमा निरन्तर सकरात्मक योगदान पुऱ्याउँदै आएको बताइएको छ । आगामी दिनमा समेत यस किसिमका गतिविधिलाई थप प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता बैंकको छ ।

## वैदेशिक रोजगारबाट फर्केर उद्यमी बनेका युवा पुरस्कृत

काठमाडौं । सरकारले वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप र पूँजी प्रयोग गरी स्वदेशमा उद्यमशीलता गरिरहेका आठ युवालाई सम्मान गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा मंगलवार आयोजित कार्यक्रममा मन्त्री शरतसिंह भण्डारीले सातै प्रदेशबाट प्रतिनिधित्व हुने गरी उनीहरूलाई सम्मान प्रदान गरेका हुन् ।

सो अवसरमा कोशी प्रदेशका रविन पोखरेल र राजीव खड्का, मधेसका शंकर सिम्खडा, बागमतीका कुमार श्रेष्ठ, गण्डकीका वसन्तबहादुर खड्का, लुम्बिनीका शोभाखर पौडेल, कर्णालीका लक्ष्मीप्रसाद ढकाल र सुदूरपश्चिमका तर्कसिंह विष्टलाई सम्मान गरिएको हो ।

यस वर्षको उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार झापाका पोखरेलले प्राप्त गरेका छन् । सो पुरस्कारको राशि रू. एक लाख ५० हजार रहेको छ । उनले दमकमा भूमिका शीपमूलक तालीम केन्द्र सञ्चालनमा ल्याई धेरै जनालाई रोजगारी दिँदै आएको बताए । अन्य उद्यमीले जनही रू. ७५ हजार पुरस्कार प्राप्त गरेका छन् ।

स्वदेश फर्की वैदेशिक रोजगारीबाट आर्जित ज्ञान, शीप, अनुभव र पूँजीलाई उद्यमशीलता र रोजगारीको क्षेत्रमा अधिकाधिक उपयोग गर्दै समृद्ध राष्ट्र निर्माणमा योगदान पुऱ्याउन पुरस्कारले प्रेरणा मिल्ने मन्त्रालयले जनाएको छ । सम्मानित हुनेहरूले विदेशबाट फर्केर कृषि उद्यम, ट्रेनिङ सेन्टर, पशुपालन, क्याटरिङलगायत व्यवसाय गर्दै आएका मन्त्रालयले जनाएको छ । वैदेशिक रोजगारबाट फर्की नेपालमा उद्यम गरेकाहरूलाई पुरस्कृत गर्न मन्त्रालयले गत पुस १६ गते आवेदनका लागि सार्वजनिक सूचना जारी गरेको थियो । *रासस*

## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०३/१८)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ताभुक्तान गर्नका लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम आवश्यक व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण (बुटवल शाखा, रुपन्देही)**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूति मन्त्रालय, वाणिज्य आपूति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूति तथा उपभोक्ता संरक्षण कार्यालयमा मिति २०७०/११/०१ मा प्रा.फ.र.नं. ३२६२२ स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **श्री आयूषा ट्रेडर्स ।**
ठेगानाः रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ०६, बुटवल, रुपन्देही ।

**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः**
शिवरामकी प्याकुरेलकी छोरी, तुल्सी प्रसाद तिमलसीनाकी बुहारी, प्रज्वल शर्माकी श्रीमती, मकवानपुर जिल्ला हेटैडा गा.वि.स. वडा नं. ०१ बस्ने, ना.प्र.नं. १५०८ (जारी मितिः २०४५/०२/०५, स्थानः मकवानपुर) भएकी **शुभद्रा कुमारी प्याकुरेल ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. निलकण्ठ तिमलसीनाको नाति, तुल्सी प्रसाद तिमलसीनाको छोरा चितवन जिल्ला खैरेनी गा.पा. वडा नं ०२ बस्ने, ना.प्र.नं. ५६८७ (जारी मितिः २०४७/१२/२१, स्थानः चितवन) भएको **प्रज्वल शर्मा ।**
२. तुल्सी प्रसाद तिमलसीनाको नाति, प्रज्वल शर्माको छोरा रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. ३७-०२-७३-०५२०१ (जारी मितिः २०७३/०७/२३, स्थानः रुपन्देही) भएको **सुजल तिमिल्सीना ।**
३. तुल्सी प्रसाद तिमलसीनाकी नातिनी, प्रज्वल शर्माकी छोरी, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ३७-०२-७५-०४८४९ (जारी मितिः २०७५/०७/०६, स्थानः रुपन्देही) भएकी **आयुषा तिमिल्सीना ।**

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## एससीटी-यूपीआई कार्ड जारी गर्दै सांग्रिला डेभलपमेन्ट बैंक

काठमाडौं (अस) । स्मार्ट च्वाईस टेक्नोलोजिज लिमिटेड (एससीटी) र सांग्रिला डेभलपमेन्ट बैंकबीच 'एससीटी-यूपीआई' कार्ड जारी गर्न सम्झौता सम्पन्न भएको छ । एससीटीका प्रमुख कार्यकारी अधिकृत मनोज घिमिरे र बैंकका प्रमुख सञ्चालन अधिकृत अपूर्वप्रसाद जोशीले सम्झौता पत्र आदानप्रदान गरेका थिए । सम्झौतापश्चात् बैंकका ग्राहकले बैंकबाट सजिलै 'एससीटी-यूपीआई' कार्ड लिन सक्नेछन् ।




एससीटीले हाल २३ ओटा बैंक तथा वित्तीय संस्था र १०० भन्दा बढी सहकारी संस्थामार्फत एससीटी-यूपीआई कार्ड जारी गर्दै आएको बताइएको छ । एससीटीले आफ्नै कार्ड स्विचिङ संरचना स्मार्ट स्विचमार्फत एससीटी-यूपीआई कार्ड र भिजा कार्ड जारी गर्ने तथा युनियन पे, रुपे, मास्टर कार्ड लगायत स्वीकार गरी कार्डमार्फत हुने कारोबारको सेवा प्रदान गर्दै आएको छ ।

## बीटीएल इण्डिया र लिम्बिक एड्भर्टाइजिङबीच साझेदारी

काठमाडौं (अस) । भारतीय इलेक्ट्रोनिक्स ब्रान्ड बीटीएलले नेपालको लिम्बिक एड्भर्टाइजिङसँग आधिकारिक रूपमा रणनीतिक साझेदारी गरेको छ । यी दुई संस्थाले एक कार्यक्रमबीच काठमाडौंमा सम्झौता गरेका हुन् । कार्यक्रममा ब्रान्डको रणनीति, बजार प्रवेश योजना तथा दीर्घकालीन सहकार्यका विषयमा छलफल समेत भएको बताइएको छ । यो सम्झौताअन्तर्गत लिम्बिक अब नेपालमा बीटीएलको आधिकारिक ब्रान्ड कन्सल्टिङ तथा विज्ञापन साझेदार हुनेछ । सम्झौतामा बीटीएलको मातृसंस्था बजाज ट्युब्स




लिमिटेडका प्रमुख कार्यकारी अधिकृत नवीन बजाज र प्रमुख सञ्चालन अधिकृत प्रिन्स बजाज नेपाल र लिम्बिकका प्रबन्ध निर्देशक प्रज्ञा शर्माले हस्ताक्षर गरेका छन् ।

बजाजका प्रमुख कार्यकारी अधिकृत नवीन बजाजले सम्झौताको उद्देश्य बीटीएलका प्रविधिमैत्री उत्पादनलाई नेपाली घरघरमा पुऱ्याउनु रहेको बताए । लिम्बिकका प्रबन्ध निर्देशक शर्माले प्रतिष्ठित भारतीय समूहबाट विश्वास प्राप्त गर्नु ठूलो अवसर र जिम्मेवारीको रूपमा लिएको बताइन् । बीटीएलले टेलिभिजन, एयर कन्डिशनर, डीप फ्रिजर लगायत उत्पादन गर्दै आएको छ ।

## नेपाल बैंकका ग्राहकलाई लेट मि इनमा छूट

काठमाडौं (अस) । नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारी तथा बैंकमा खाता रहेका ग्राहकलाई काठमाडौंको नयाँ बानेश्वरस्थित लेट मि इन प्रालिमा उपचार गर्दा लाग्ने शुल्कमा छूट प्राप्त हुने भएको छ । लेट मि कोरियन प्रविधिबाट प्रदान गरिने विविध एस्थेटिक्स सम्बन्धी सेवा उपलब्ध गराउँदै आएको बताइएको छ । यी सेवाका शुल्कमा बैंकका कर्मचारी तथा ग्राहकले ८ देखि १५ प्रतिशतसम्म छूट पाउने भएका हुन् । सम्झौतापत्रमा बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत प्रकाशकुमार अधिकारी र लेट मिका प्रबन्ध निर्देशक डोङ सु माले हस्ताक्षर गरेका छन् ।




## रिड नेपालद्वारा उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थी सम्मानित

ताप्लेजुङ । ग्रामीण शिक्षा तथा वातावरण विकास केन्द्र (रिड) नेपालले आफ्नो कार्यक्षेत्रभित्रका विद्यालय, शिक्षक, व्यवस्थापन समिति, स्रोत शिक्षक तथा विद्यार्थीहरूलाई पुरस्कृत गरेको छ । उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालय, शिक्षक र विद्यार्थीलाई सम्मान गरिएको हो । 'स्टार स्कुल अवार्ड'अन्तर्गत लुङथुङ आधारभूत विद्यालयलाई रू. ३० हजारसहित सम्मान गरिएको छ । 'बेस्ट पर्फर्मिङ स्कुल अवार्ड' सरस्वती मावि तापेथोक र रानी आधारभूत विद्यालयलाई रू. ४५ हजारसहित प्रमाणपत्र प्रदान गरिएको हो । यस्तै एसइई परीक्षामा शतप्रतिशत नतीजा ल्याउने सरस्वती मावि तापेथोकलाई रू. ३० हजार नगदसहित प्रमाणपत्र प्रदान गरिएको रिडका जिल्ला कार्यक्रम प्रबन्धक राजेन्द्रप्रसाद पन्तले जानकारी दिए । *रासस*

**नेपाल सरकार**
**उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति **२०७३/१०/२७** मा दर्ता भएको **प्रा.लि.नं. १६३४९६** को **अर्पन वाटर मार्केटिङ प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०८/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Dakshinkali Municipality**
**Office of Municipal Executive**
**Pharping, Kathmandu, Bagamati Province, Nepal**

**Invitation for Electronic Bids**

**Date-2082-03-18**

***Dakshinkali Municipality, Office of Municipality Executive*** invites electronic bids from Nepalese eligible bidders for the Procurement of **Internal Revenue and Adv. services** in Dakshinkali Municipality under National Competitive Bidding (NCB) procedures. For further information visit the public procurement website www.bolpatra.gov.np/egp or from the website of this office, www.dakshinkalimun.gov.np.

| Notice No. | Description of Works | Total Amount Rs. (Without Vat) | Bid Security Amt. (NRs.) | Bid Document Fee(Nrs.) |
|---|---|---|---|---|
| 01/Internal-Revenue/2081/082 | Collection of fees/taxes from vehicles transporting construction-related raw materials such as stone, aggregate, sand, gravel, and soil within the Dakshinkali Municipality area. | 1,96,14,100/-(One crore ninety-six lakh fourteen thousand one hundred) | 5 percent of the total price including VAT | 3000/- |
| 02/Internal-Revenue/2081/082 | Kawadi tax | 11,16,500/-(Rs. Eleven lakh sixteen thousand five hundred) | 5 percent of the total price including VAT | 1000/- |
| DM/SQ/Advservices/2081/082/02 | Publication of information in a national daily newspaper | | 45,000/- | 1000/- |

**Dakshinkali Municipality**

**नेपाल पुनर्बीमा कम्पनी लिमिटेड**
(नेपाल सरकारको स्वामित्वमा स्थापित)
**Nepal Reinsurance Co.Ltd. (Nepal Re.)**
(An undertaking of Nepal Government)
नेपाल बीमा प्राधिकरणबाट इजाजत प्राप्त

**थापाथली, काठमाडौं, नेपाल**
**फोन नं.** ०१-५९७०४०१, ५९७०४०२
**ईमेलः** nepalre@ntc.net.np
**वेभसाइटः** www.nepalre.com.np

## आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण फर्म छनौट गर्ने सम्वन्धी सूचना

नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको आ.व.२०८२/८३ को लागि आन्तरिक लेखापरीक्षण (Internal Audit) गर्नका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भई लेखापरीक्षण गर्न व्यक्ति तथा इच्छुक लेखा फर्महरुसँग शिलबन्दी प्रस्ताव माग गरिएको छ ।

**योग्यता सम्वन्धी मापदण्डहरु :**

१. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट लेखापरीक्षण गर्न पेशागत प्रमाणपत्र (Certificate of Practice) प्राप्त गरि नियमानुसार नविकरण भएको,
२. प्रचलित कानुन बमोजिम आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर (PAN)/मुल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र प्राप्त गरेको तथा अघिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको,
३. पेशागत प्रमाणपत्र प्राप्त गरि कम्तिमा तीन (५) वर्ष पब्लिक लिमिटेड कम्पनीको लेखापरीक्षण सम्वन्धी कार्यमा संलग्न भएको तथा नियमानुसार नविकरण भएको हुनुपर्ने,
४. बीमकको वित्तीय विवरणलाई प्रभाव पार्ने कम्प्युटर प्रणालीबाट उत्पादित सूचना तथ्याङ्कको विश्वासनियता परीक्षण गर्ने क्षमता भएको,
५. लेखापरीक्षक/लेखापरीक्षण गर्ने संस्था वा सो का साझेदारहरु लेखा व्यवसाय नियमन गर्ने निकाय नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) बाट विगत ५ वर्षमा कुनै कारवाहीमा नपरेको स्वघोषणाको प्रमाणित प्रतिलिपी
६. कर्जा सूचना केन्द्रको कालो सूचीमा नपरेको वा कर्जा चुक्ता सम्वन्धमा सार्वजनिक सूचना प्रकाशन गरि कारवाहीमा नपरेको,
७. The Institute of Chartered Accountants of Nepal अन्तर्गत Foreign Affiliated Firm को सदस्यता प्रमाणपत्र प्राप्त गरेको,
८. सार्वजनिक लेखा वा अख्तियार दुरुपयोग सम्वन्धी कारवाहीमा नपरेको,
९. वरिष्ठता (Fellowship) पेशागत प्रमाणपत्र प्राप्त भएको ।

**प्रस्तावमा समावेश हुनु पर्ने कागजातहरु :**

१. लेखा फर्मको प्रोफाइल र अनुभव विवरण,
२. वैध ICAN दर्ता प्रमाणपत्र,
३. स्थायी लेखा नं. (PAN) / मुल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र,
४. आर्थिक प्रस्ताव (खामबन्दी गरी पेश गर्नुपर्ने)
५. विगतमा लेखापरीक्षण गरिएका बीमा, पुनर्बीमा वा अन्य कम्पनीहरुको सूची ।

**प्रस्ताव बुझाउने अन्तिम म्याद :**

इच्छुक लेखा फर्महरुले आफ्नो प्रस्ताव यस कम्पनीको केन्द्रिय कार्यालयमा २०८२ असार ३२ गते भित्र बुझाई सक्नुपर्नेछ । रित नपुगेका तथा तोकिएको समयपछि प्राप्त भएका प्रस्तावहरु स्वीकृत गरिने छैनन् ।

**छनौट प्रक्रिया :**

कम्पनीले प्राविधिक प्रस्ताव तथा आर्थिक प्रस्तावको मूल्याङ्कन गरि आन्तरिक लेखा छनोट समितिको सिफारिस अनुसार लेखा फर्मको छनौट गर्नेछ । कम्पनीले प्राप्त कुनै वा सबै प्रस्तावहरु स्वीकृत वा अस्वीकृत गर्ने अधिकार सुरक्षित राख्दछ ।

तपाईं असफल हुनु कुनै ठूलो कुरा होइन तर तपाईंले प्रयास नगर्नु सबैभन्दा ठूलो गल्ती हो ।
**- ज्याक मा**

सम्पादकीय

# चलचित्र उद्योगको नयाँ थालनी

नेपालमा छायांकन गरिएको पहिलो नेपाली चलचित्र 'आमा' प्रदर्शनमा आएको ६० वर्षपछि नेपालमा 'रियलटाइम बक्स अफिस प्रणाली' शुरू भएको छ । त्यस्तै चलचित्र विकास बोर्डको रजत जयन्ती (२५औं वार्षिकोत्सव) को अवसरमा बोर्डले सर्वाधिक कमाइ गर्ने २५ फिल्मलाई सम्मान गरेको छ । यो सिनेमा क्षेत्रलाई व्यावसायिक बनाउन सकारात्मक पहल हो । यसले यो उद्योग अब सृजनामा मात्र नभई प्रणाली र पारदर्शितामा पनि बलियो हुन थालेको संकेत गर्छ ।

सरकारले पहिलो फिल्म आमा प्रदर्शन भएको असोज १५ गतेलाई राष्ट्रिय फिल्म दिवसको रूपमा घोषणा गर्ने निर्णय गरेको छ । चलचित्रको मितिमा आधारित फिल्म दिवसको स्थापनाले अब फिल्म क्षेत्रले आफ्नो विशेष दिन पाएको छ । यसले राष्ट्रिय स्तरमा चलचित्रप्रति गरिमा र गौरव सृजना गर्न सक्छ ।

नेपालमा कुन फिल्मले कति व्यापार गऱ्यो, कति आम्दानी गऱ्यो भन्नेमा निर्माताका आआफ्नै दाबी हुन्थ्यो । त्यस्तै दर्शक प्रशस्त भएर पनि हलहरूले शो नदिएको आरोप वितरकहरूले लगाउने गरेको पाइन्छ । यस्तो विवादकै कारण सरकारले पाउने मनोरञ्जन कर पनि यथार्थ नभएको आशंका हुनु अन्यथा होइन । यस्तो अवस्थामा रियल टाइम बक्स अफिस प्रणाली लागू गर्नु निकै सकारात्मक छ । विश्वभरि नै सिनेमामा यस्तो बक्स अफिस प्रणाली सञ्चालनमा छ । नेपालमा ढिलै भए पनि रियलटाइम कारोबार थाहा पाउन सकिने भएको छ । निर्माताले अब आफ्नो चलचित्रको आय रियलटाइममा हेर्न सक्नेछन्, जसले उत्पादनदेखि प्रदर्शनसम्मको सम्पूर्ण आर्थिक चक्रलाई पारदर्शी बनाउनेछ । विगतमा निर्माताहरूले अनुमानकै भरमा कमाइको दाबी गर्दै आएका थिए । अब भने वास्तविक तथ्यांकका आधारमा मूल्यांकन, कर संरचना, लगानी निर्णय र पुरस्कार प्रणालीसमेत निष्पक्ष बन्नेछ ।

नेपालको मनोरञ्जन उद्योग पछिल्ला वर्षहरूमा विस्तार हुँदै

- **सृजनशीलतालाई प्रोत्साहन, नवप्रवर्तनलाई सहयोग र श्रमलाई सम्मान दिंदा मात्र नेपाली मनोरञ्जन उद्योगले अन्तरराष्ट्रिय स्तरमा आफ्नो उपस्थिति जमाउन सक्छ ।**
- **नेपालीहरूको उपस्थिति विश्वभरि पुगेसँगै नेपाली सिनेमा र मनोरञ्जन उद्योगले विश्वभरि नै व्यापार गर्न सक्ने भएको छ ।**

गएको छ । चलचित्र, संगीत, नाटक, डिजिटल सामग्री, सामाजिक सञ्जाल र युट्युबजस्ता माध्यमहरूले यो क्षेत्रमा उल्लेख्य प्रगति गरेको देखिएको छ । प्रविधिको विकास, नयाँ पुस्ताको सृजनात्मक सक्रियता र दर्शकको अपेक्षामा आएको परिवर्तनका कारण नेपाली मनोरञ्जन उद्योगले व्यावसायिक सम्भावना र सांस्कृतिक प्रभाव दुवै क्षेत्रमा महत्त्वपूर्ण उपस्थिति देखाउन थालेको छ । नेपालीहरूको उपस्थिति विश्वभरि पुगेसँगै नेपाली सिनेमा र मनोरञ्जन उद्योगले विश्वभरि नै व्यापार गर्न सक्ने भएको छ । यो निकै ठूलो उपलब्धि हो । तर, यो उद्योग समस्याबाट मुक्त छैन । स्पष्ट नीति, दीर्घकालीन लगानी, प्राविधिक दक्षता र अन्तरराष्ट्रिय स्तरीय प्रतिस्पर्धामा पुग्नका लागि आवश्यक पूर्वाधारको कमी छ । कलाकार र सिर्जनाकर्मीहरूले श्रमको उचित मूल्य नपाउनु, बौद्धिक सम्पत्तिको चोरी र संस्थागत संरक्षणको अभाव आज पनि गम्भीर चुनौती बनेका छन् ।

नेपालमा चलचित्र मात्र होइन संगीत पनि मनोरञ्जन उद्योगको मेरूदण्ड हुन सक्छ । तर तीमाथि पर्याप्त लगानी र व्यवस्थापन नहुँदा परम्परागत कलासंस्कृति ओझेलमा पर्दै गएको छ । सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्ममा युवाहरूको सक्रियता बढे पनि गुणस्तरीय सामग्रीको अभाव देखिन्छ । त्यस्तै नेपालको मौलिकतालाई जोगाउन पनि यो उद्योग चुक्न थालेको हो कि भन्ने देखिन्छ यद्यपि नेपाली मौलिकता बोकेका सिनेमा र गीतले राम्रो बजार पाएका छन् ।

सरकारले यस क्षेत्रलाई औपचारिक रूपमा उद्योगको मान्यता दिंदै अनुदान, कर छूट र प्राविधिक तालिम कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । यस्तै, फिल्म सिटी, डिजिटल स्टुडियो र अन्तरराष्ट्रिय सहकार्यका लागि नीति निर्माण हुन आवश्यक छ । अहिले ओटीपी प्लेटफर्ममार्फत पनि सिनेमा देखाउन थालिएकाले त्यसलाई पनि बक्स अफिसमा जोड्न आवश्यक छ । मनोरञ्जन केवल समय बिताउने माध्यम होइन यो राष्ट्रको पहिचान र अर्थतन्त्रको अंश पनि हो । त्यसैले यो उद्योगको सुदृढ विकासमा सबैले ध्यान दिनुपर्छ । सृजनशीलतालाई प्रोत्साहन, नवप्रवर्तनलाई सहयोग र श्रमलाई सम्मान दिंदा मात्र नेपाली मनोरञ्जन उद्योगले अन्तरराष्ट्रिय स्तरमा आफ्नो उपस्थिति जमाउन सक्छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## 'गैरवका आयोजनाका लागि साधनस्रोत अभाव हुन नदेऊ'

प्रधानमन्त्री डा. बाबुराम भट्टराईले राष्ट्रिय गौरवका आयोजनाका लागि आवश्यक पर्ने साधनस्रोत अभाव हुन नदिन अर्थ मन्त्रालयलाई निर्देशन दिएका छन् । सोमवार सिंहदरबारमा आयोजित शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना, २०६९ मा फागुन दोस्रो सातासम्म भएको प्रगति समीक्षा कार्यक्रममा उनले यस्तो निर्देशन दिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । डेढ वर्ष सरकारको जिम्मेवारी सम्हाले पनि आफ्ना नीति, कार्यक्रम र बजेट ल्याउन नपाएपछि भट्टराई सरकारले गतवर्ष शासकीय सुधारको कार्ययोजना र यो वर्ष शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना ल्याएको थियो ।

प्रम भट्टराईले लोडशेडिङ १२ घण्टाभन्दा बढ्न नदिन निर्माणाधीन जलविद्युत् आयोजना छिटो निर्माण हुने वातावरण बनाई समयमै सम्पन्न गर्न पनि निर्देशन दिएका छन् ।

वर्ष ८, अंक १६०, मंगलवार, १५ फागुन, २०६९

# खैरो सूचीबाट हटाउन बैंकिङ क्षेत्र

## सम्भावित कार्ययोजना र कार्यान्वयन

नवनियुक्त गभर्नरले बैंकिङ क्षेत्र मात्र होइन, आम सेवाग्राहीको समेत समस्या बुझ्न र तिनलाई सकेसम्म निराकरण गर्ने प्रयत्न स्वरूप देशका विभिन्न क्षेत्रमा स्थलगत भ्रमण गरेर स्थानीय रूपमा विभिन्न क्षेत्रले महसूस गरेका समस्या तथा सुझावहरू ग्रहण गर्नेदेखि लिएर समग्रमा बैंकिङ क्षेत्रलाई नै अझ बढी प्रभावकारी र सेवामुखी बनाउने सन्दर्भमा सम्बद्ध व्यक्ति एवं समूहहरूसँग घनीभूत छलफल चलाउनु भएको छ । यसैको निरन्तरता स्वरूप केन्द्रीय बैंकले बैंकिङ क्षेत्र सुधारका लागि १ महीनाभित्र सुझाव पेश गर्ने कार्यादेशसहित आवश्यक सुझाव दिन एक 'बैंकिङ क्षेत्र सुझाव कार्यदल' समेत गठन गरेको छ ।

अहिले सुस्त भएको आर्थिक गतिविधिलाई पूर्ण चलायमान बनाउन बैंकिङ क्षेत्रको भूमिका, ग्रामीण क्षेत्रमा हुने कर्जा प्रवाहलाई प्रभावकारी बनाउने चाल्नुपर्ने कदम, प्राप्ति तथा गाभिएपछि देखा परेका समस्याको पहिचान तथा समाधानका सुझाव, तथा पूँजी बजारको विकासमा कसरी केन्द्रीय बैंकले समन्वयात्मक भूमिका निर्वाह गर्न सक्छ भन्ने बारेमा केन्द्रीय बैंकले उक्त कार्यदलसँग सुझावको अपेक्षा गरेको छ । यी सामान्य बैंकिङसँग सम्बद्ध सुझावहरूका अतिरिक्त दुईओटा सुझाव भने वित्तीय कारबाही कार्यदल (एफएटीएफ)को खैरो सूचीबाट देशलाई निकाल्ने सम्बन्धी छन् ।

स्मरणीय नै छ कि खैरो सूचीबाट हट्ने सम्बन्धमा नेपाल सरकारले एफएटीएफ समक्ष सातबुँदे रणनीतिक कार्ययोजना प्रस्तुत गरेको छ र कार्ययोजनामध्ये दोस्रो नम्बरमा परेको 'जोखिममा आधारित सुपरिवेक्षणलाई प्रभावकारी बनाउने' सम्बन्धमा समेत नवगठित कार्यदललाई सुझाव दिने कार्यादेश दिइएको छ । यो बुँदाको सुझाव सँगसँगै समग्र बैंकिङ क्षेत्रले देशलाई खैरो सूचीबाट हटाउने सन्दर्भमा के कस्तो भूमिका खेल्न सक्छन् भन्ने बारेमा समेत सुझावको अपेक्षा गरेको सन्दर्भमा यो सानो आलेखले देशलाई खैरो सूचीबाट हटाउन बैंकिङ क्षेत्रले खेल्न सक्ने केही भूमिकाहरू पहिल्याउने प्रयास गरेको छ ।

खैरो सूचीबाट हट्ने संदर्भमा कुरा गर्दा नेपालले एफएटीएफसामु पेश गरेका सातबुँदे रणनीतिक कार्ययोजनालाई जति छिटो प्रभावकारी रूपमा कार्यान्वयन गर्नसक्छ, त्यति नै छिटो सूचीबाट हट्ने सम्भावना हुन्छ । त्यसैले यही सातबुँदे कार्ययोजनाको सेरोफेरोमा नै बैंकिङ क्षेत्रको भूमिका पहिल्याउनु वाञ्छनीय हुन्छ ।

**कार्ययोजना १ :–** सम्पत्ति शुद्धीकरण सम्बन्धी जोखिमका बारेमा एकरूप बुझाइको स्तरमा सुधार गर्ने

नेपालले कार्यदललाई प्रस्तुत गरेको पहिलो कार्ययोजनामा सम्पत्ति शुद्धीकरण एवं आतंकवादी क्रियाकलापमा हुने वित्त-पोषणको जोखिमका बारेमा भिन्न-भिन्न निकायहरूका बीचमा भएको बुझाइमा एकरूपता नभएकोले त्यसलाई सुधार गर्ने उल्लेख गरिएको छ ।

यो विषयमा अहिलेसम्म भएका विकास, प्रचलनमा रहेका अभ्यास तथा नियामकीय व्यवस्था समेतलाई आधार मानेर बैंक तथा वित्तीय संस्थाहरू तथा अन्य गैरवित्तीय संस्थाहरूको भूमिकालाई पृथक ढंगले हेरिनुपर्छ । बैंक तथा वित्तीय संस्थाहरूमा सम्पत्ति शुद्धीकरण तथा आपराधिक वित्तपोषण सम्बन्धमा जुन प्रकारको जानकारी, चेतना एवं तिनलाई नियन्त्रण गर्नका लागि कार्यक्रमहरू सञ्चालन गरिएका छन्, गैरवित्तीय संस्थाहरूमा त्यस सम्बन्धमा धेरै नै सुधार गर्नुपर्ने अवस्था छ । यसो भएकाले गैरवित्तीय संस्थाहरूमा यस प्रकारको जोखिमका बारेमा आम रूपमा नै एकरूप जानकारी नभएको मात्र होइन कि तिनलाई नियमन गर्ने निकायहरू समेत सशक्त नभएको सन्दर्भमा तिनको भूमिका सशक्त बनाउन पनि बैंकिङ क्षेत्रले नै अग्र-पंक्तिमा उभिएर उनीहरूलाई सबल बनाउनु जरुरी देखिन्छ ।



**वित्तीय कारबाही कार्यदलको खैरो सूचीबाट मुक्त गर्ने सन्दर्भमा नेपाल सरकारले वित्तीय कारबाही कार्यदलसामु प्रतिबद्धता व्यक्त गरेका सातवटा रणनीतिक कार्ययोजनालाई प्रभावकारी ढगले कार्यान्वयन गर्न बैंकिङ क्षेत्रले पनि आफ्नो नीतिगत, प्रणालीगत एवं प्रक्रियागत सकारात्मक हस्तक्षेपमार्फत उल्लेख्य मात्रामा योगदान दिन सक्छ ।**

**प्रकाश भण्डारी**

सुन चाँदीको कारोबार गर्नेहरूदेखि लिएर घरजग्गा व्यवसायीहरूमा समेत ती क्षेत्रमार्फत हुनसक्ने द्रव्यशोधन, आपराधिक गतिविधि तथा आम विनाशकारी हातहतियारमा हुनसक्ने वित्त-पोषणको जोखिमका बारेमा अत्यन्त न्यून मात्र जानकारी रहेको कुरा पारस्परिक मूल्यांकन प्रतिवेदनले नै उल्लेख गरेको छ । त्यसैले सरकारले यस्ता जोखिमका बारेमा एकरूप बुझाइको विकास गर्ने भनी जुन प्रतिबद्धता आफ्नो रणनीतिक कार्ययोजनामार्फत वित्तीय कारबाही कार्यदललाई दिएको छ, त्यसको प्रभावकारी नतिजाका लागि यी गैरवित्तीय संस्थाहरू लक्षित गतिविधि तुरुन्तै अघि बढाउनुपर्छ । यसको लागि नियामकहरूलाई सशक्त बनाउने त छँदै छ, त्यसका अतिरिक्त राष्ट्रिय रूपमा एउटा 'एएमएल एकेडेमी' गठन गरी त्यसले नियमित रूपमा अभिबोध कार्यक्रमहरू सञ्चालन नगर्ने हो भने राष्ट्रव्यापी रूपमा यस प्रकारको जोखिमका बारेमा भएको बुझाइमा एकरूपता ल्याउन कठिन हुन्छ । अन्य क्षेत्रहरूमा यससम्बन्धी सिमित ज्ञान र अनुभव भएको परिप्रेक्ष्यमा यसका लागि पनि बैंकिङ क्षेत्रले नै अग्रसरता लिनु प्रभावकारी हुन्छ ।

अहिले नियमनमा रहेका वित्तीय क्षेत्रहरू सम्पत्ति शुद्धीकरण, आतंकवादमा तथा आम विनाशकारी हातहतियारमा हुनसक्ने वित्त-पोषणसम्बन्धी जोखिमहरूका बारेमा पर्याप्त मात्रामा जानकारी हुँदाहुँदै पनि ती क्षेत्रमा समेत उच्च-व्यवस्थापन तथा निर्णय तहमा रहेका पदाधिकारीहरूमा समेत केही मात्रामा यससम्बन्धी जोखिमको बारेमा थप सचेतना आवश्यक भएको अवस्था छ । त्यस्ता संस्थाहरूमा यससम्बन्धी कार्यका लागि अझै पनि उच्चदक्षता भएका जनशक्ति उपलब्ध नगराउनेदेखि लिएर तिनको वृत्तिविकास समेत यथोचित प्राथमिकतामा नपर्ने विद्यमान परिपाटीले वित्तीय क्षेत्रमा पनि 'राजनीतिक प्रतिबद्धता' केही हदसम्म प्रभावकारी भएको देखिँदैन । यो कुरालाई सम्बोधन गर्नका लागि बैंकिङ क्षेत्रले नीतिगत रूपमा नै आफ्ना उच्च तहका पदाधिकारी, सञ्चालक एवं उल्लेख्य शेयर धारण गर्ने अंशियारहरूलाई केन्द्रित गरी सञ्चालन गर्ने सम्पत्ति शुद्धीकरणसम्बन्धी अभिबोध कार्यक्रमहरूको संख्या र प्रभावकारिता अभिवृद्धि गर्न नीतिगत व्यवस्था गरेर आम रूपमा संस्थागत ढंगले जोखिमको बुझाइमा एकरूपता ल्याउन सक्छन् ।

साथै बैंकिङ क्षेत्रमा सम्पत्ति शुद्धीकरण विभागमा परिचालित हुने जनशक्तिका लागि अनिवार्य रूपमा विशेष योग्यताको प्रावधान पनि यस दिशामा महत्त्वपूर्ण कदम हुनसक्छ ।

यसका अतिरिक्त विभिन्न विभागहरूमा काम गर्ने जनशक्तिहरूमा पनि समान प्रकारले बुझाइ विकास गर्न अहिले प्रदान गरिने तालिमका अतिरिक्त नयाँ नियुक्त हुने तथा विद्यमान सबै तहका कर्मचारीहरूका लागि सम्पत्ति शुद्धीकरणसम्बन्धी आधारभूत ज्ञान सुनिश्चित हुने प्रावधानलाई अनिवार्य गर्ने व्यावस्था गर्न सकिन्छ । अझ यो अनिवार्य प्रावधानलाई वार्षिक कार्यसम्पादन मूल्यांकनसँग आबद्ध गर्ने नीतिगत व्यवस्थाले यसको कार्यान्वयन थप प्रभावकारी हुन्छ ।

साथै मानव संसाधनलाई समेत राजनीतिक चेतयुक्त बनाउनुका साथै कारोबार र ठगीका विभिन्न आयामहरूका बारेमा विश्लेषण गर्नसक्ने गरी उनीहरूको क्षमता अभिवृद्धि गर्ने दिशामा पनि बैंकिङ क्षेत्रले आफ्नो भूमिकालाई थप प्रभावकारी बनाएमा त्यसले पनि खैरो सूचीबाट उम्कन उल्लेख्य योगदान दिने कुरामा सन्देह छैन ।

- **बैंकिङ क्षेत्रमा सम्पत्ति शुद्धीकरण विभागमा परिचालित हुने जनशक्तिका लागि अनिवार्य रूपमा विशेष योग्यताको प्रावधान पनि यस दिशामा महत्त्वपूर्ण कदम हुनसक्छ ।**
- **बैंकिङ क्षेत्रले नीतिगत रूपमा नै आफ्ना उच्च तहका पदाधिकारी, सञ्चालक एवं उल्लेख्य शेयर धारण गर्ने अंशियारहरूलाई केन्द्रित गरी सञ्चालन गर्ने सम्पत्ति शुद्धीकरणसम्बन्धी अभिबोध कार्यक्रमहरूको संख्या र प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक छ ।**
- **राष्ट्रिय रूपमा एउटा 'एएमएल एकेडेमी' गठन गरी त्यसले नियमित रूपमा अभिबोध कार्यक्रमहरू सञ्चालन नगर्ने हो भने राष्ट्रब्यापी रूपमा यस प्रकारको जोखिमका बारेमा भएको बुझाइमा एकरूपता ल्याउन कठिन हुन्छ ।**
- **बढीभन्दा बढी गुणस्तरीय शंकास्पद कारोबारहरूको विवरणले अप्रत्यक्ष रूपमा अनुसन्धानकर्ताहरूको क्षमता अभिवृद्धिमा सघाउ पुऱ्याउनुका साथै अभियोजनको संख्या बढाउन पनि मद्दत पुऱ्याउँछ ।**

**कार्ययोजना २ :–** वाणिज्य बैंकहरू, उच्च जोखिमयुक्त सहकारीहरू, क्यासिनोहरू, बहुमूल्य धातु तथा पत्थरको कारोबार गर्नेहरू तथा घरजग्गा व्यवसायीहरूको सुपरिवेक्षणलाई जोखिमका आधारमा अझ प्रभावकारी बनाउने

वाणिज्य बैंकहरू, उच्च जोखिमयुक्त सहकारीहरू, क्यासिनोहरू, बहुमूल्य धातु तथा पत्थरको कारोबार गर्नेहरू तथा घरजग्गा व्यवसायीहरूको सुपरिवेक्षणलाई जोखिमका आधारमा अझ प्रभावकारी बनाउने सन्दर्भमा नेपालले प्रस्तुत गरेको कार्ययोजना सम्बन्धमा पनि बैंकिङ क्षेत्रका साथै सम्बद्ध सुपरिवेक्षक तथा नियामक निकायकै भूमिका अहं हुन्छ ।

यसो भए तापनि बैंकिङ, बीमाजस्ता निजी वित्तीय क्षेत्रले पनि यसको प्रभावकारितामा आंशिक भूमिका निर्वाह गर्न सक्छन् । विशेषगरी बैंकहरूले यस्ता उच्च जोखिमयुक्त क्षेत्रसँग सम्बद्ध कारोबारलाई उच्च प्राथमिकताका साथ निगरानी गर्नुका साथै उनीहरूमार्फत हुनसक्ने वित्तीय अपराधलाई पहिचान गर्ने प्रभावकारी संयन्त्रको विकास गर्दै कारोबार निगरानी प्रणालीलाई थप प्रभावकारी बनाई यो प्रयासमा योगदान दिन सक्छन् ।

**कार्ययोजना ३ :–** वित्तीय समावेशीकारणलाई आघात नपुग्ने गरी अवैध रूपमा सञ्चालित रकम तथा वस्तु स्थानान्तरण गर्ने हुन्डीजस्ता कारोबारलाई पहिचान गरी तिनलाई पूर्ण नियन्त्रण गर्ने

यो कार्ययोजनाको कार्यान्वयनका लागि बैंकिङ क्षेत्रले नीतिगत तथा प्रविधिगत व्यवस्थासहित यस्ता कारोबार पहिचान तथा नियन्त्रण गर्ने संयन्त्रको प्रयोगका साथै तिनलाई पहिचान गर्नसक्ने किसिमले मानव संशाधनलाई उचित मात्रामा प्रशिक्षित गर्ने र कथं यस्तो कारोबार पहिचान भइहालेमा वित्तीय जानकारी एकाइमार्फत सम्बद्ध कानून कार्यान्वयन गर्ने निकायलाई समयमै सूचना दिएर पनि यस दिशामा प्रभावकारी भूमिका निभाउन सक्छन् ।

**कार्ययोजना ४ :–** सम्बद्ध अधिकारप्राप्त निकायहरू बीचको समन्वय तथा उनीहरूको सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान गर्ने क्षमतामा सुधार गर्ने

**कार्ययोजना ५ :–** सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धान तथा अभियोजनको संख्या बढाउने

**कार्ययोजना ६ :–** अपराधबाट आर्जित सम्पत्तिको पहिचान, रोक्का, तथा जफत गर्ने

वास्तवमा देशको सम्पत्ति शुद्धीकरण सम्बन्धी संरचनामा सूचक संस्थाहरूलाई पहिलो पंक्तिको रक्षा कवच मान्न सकिन्छ । पहिलो पंक्ति जति प्रभावकारी हुन्छ, त्यस पछिका अनुसन्धान गर्ने, अभियोजन गर्ने र फैसला गर्नेजस्ता अन्य विभिन्न निकायहरूको प्रभाकरिता सोहीअनुरूप प्रभावकारी हुने गर्दछ । त्यसैले पहिलो पंक्तिमा रहेका सूचक संस्थाहरूले सकेसम्म धेरै गुणस्तरीय शंकास्पद कारोबारहरू पहिचान गरी त्यसको विवरण वित्तीय जानकारी एकाइलाई पठाउने गरी आफ्नो संयन्त्रमा सुधार गर्नुपर्ने हुन्छ । बढीभन्दा बढी गुणस्तरीय शंकास्पद कारोबारहरूको विवरणले अप्रत्यक्ष रूपमा अनुसन्धानकर्ताहरूको क्षमता अभिवृद्धिमा सघाउ पुऱ्याउनुका साथै अभियोजनको संख्या बढाउन पनि उत्तिकै मद्दत पुऱ्याउने हुन्छ ।

यसरी यी तीनओटै कार्ययोजनालाई बल पुऱ्याउन निजीक्षेत्र र खास गरी बैंकिङ क्षेत्रले प्रत्यक्ष परोक्ष रूपमा भूमिका निर्वाह गर्न सक्छन् ।

**कार्ययोजना ७ :–** आतंकवादी क्रियाकलाप तथा आम विनाशकारी हातहतियारमा हुनसक्ने वित्त-पोषणसँग सम्बद्ध लक्षित वित्तीय प्रतिबन्धसम्बन्धी कार्ययोजना

यसमा भने बैंकिङ क्षेत्रले गृह मन्त्रालय तथा अन्य अधिकारप्राप्त निकायहरूको निर्देशनलाई प्रभावकारी ढंगले कार्यन्वयन गर्ने गरी आवश्यक प्रविधिगत व्यवस्था सहित आफ्नो संस्थामा कुनै व्यक्ति तथा निकायलाई निर्दिष्ट जिम्मेवारी प्रदान गर्ने गरी नीतिगत एवं कार्यगत व्यवस्था गरेर त्यस्तो कार्यक्रमलाई थप प्रभावकारी बनाउन सक्छन् ।

यसरी देशलाई वित्तीय कारबाही कार्यदलको खैरो सूचीबाट मुक्त गर्ने सन्दर्भमा नेपाल सरकारले वित्तीय कारबाही कार्यदलसामु प्रतिबद्धता व्यक्त गरेका सातओटा रणनीतिक कार्ययोजनालाई प्रभावकारी ढगले कार्यान्वयन गर्न बैंकिङ क्षेत्रले पनि आफ्नो नीतिगत, प्रणालीगत एवं प्रक्रियागत सकारात्मक हस्तक्षेपमार्फत उल्लेख्य मात्रामा योगदान दिन सक्छ । तर, त्यसको लागि सम्पत्ति शुद्धीकरणका सम्बन्धमा देशमा अहिले विद्यमान अवस्थामा आगामी दिनमा कुनै नकारात्मक परिवर्तन भने हुनु हुँदैन ।

*लेखक सम्पत्ति शुद्धीकरणमा विद्यावारिधिप्राप्त बैंकर हुन् ।*

# कैलास पर्वत र ब्रह्माण्डको अक्ष

हिन्दू र बौद्धधर्मको शास्त्रमा कैलास पर्वतलाई मेरू पर्वतसँग जोडिएको बताइन्छ, जसलाई ब्रह्माण्डको आध्यात्मिक र भौतिक केन्द्र भनिन्छ । प्राचीन ग्रन्थहरूमा मेरू पर्वतलाई स्वर्ग, पृथ्वी र अधोलोकको धुरीका रूपमा वर्णन गरिएको छ । यो पर्वतले दिव्य र सांसारिक लोकहरूलाई जोड्ने कार्य गर्छ, जसले ब्रह्माण्डको संरचना र सन्तुलनको प्रतीक प्रस्तुत गर्छ ।

कैलास पर्वतको अलग्गै स्थान, सुसंगत पिरामिड जस्तो आकृति र अप्रत्यक्ष सौन्दर्यले यसलाई मेरू पर्वतसँग प्रतीकात्मक रूपमा सम्बद्ध बनाउँछ । यो पर्वतलाई पृथ्वीमा रहेको मेरू पर्वतको मूर्तरूप मानिन्छ, जहाँ स्वर्ग र पृथ्वीको मिलन हुन्छ ।

### देवताको पवित्र निवास

हिन्दूधर्ममा भगवान् शिवको शाश्वत निवासका रूपमा कैलासलाई मानिन्छ । शिव पार्वतीसँगै ध्यानस्थ छन् भन्ने विश्वास गरिन्छ । नन्दी, शिवको वाहन, पनि यहीं छ । यो पर्वत समुद्रमन्थन, ताण्डव नृत्यलगायत अनेक पौराणिक कथासँग सम्बद्ध छ ।

तिब्बती बौद्धहरूले कैलासलाई चक्रसंवरको निवासस्थल मान्छन् जो परमानन्द र बोधीका प्रतीक हुन् ।

जैन धर्ममा कैलास पर्वतलाई पहिलो तीर्थंकर ऋषभनाथले मोक्ष प्राप्त गरेको स्थान मानिन्छ । तिब्बती बोन परम्परामा पनि यो पर्वत अत्यन्त पवित्र मानिन्छ र यसको आध्यात्मिक अभ्यासमा केन्द्रीय भूमिका हुन्छ । धार्मिक विविधता हुँदाहुँदै सबै धर्मका अनुयायीहरूले कैलासलाई पवित्र मान्नुले यसको अनुपम आध्यात्मिक महत्त्व दर्शाउँछ ।

### जीवन र सभ्यताको केन्द्र : नदीहरूको उद्गमस्थल

कैलास पर्वत एशियाका चार प्रमुख नदीहरूको मूल स्रोत हो, जसले यसको केन्द्रीय भूमिका अझ बलियो बनाउँछ । सिन्धुनदी पश्चिमतर्फ बग्छ । सतलज नदी (दक्षिणपश्चिमतर्फ बग्छ । ब्रह्मपुत्र नदी पूर्वतर्फ बग्छ । कर्णाली नदी दक्षिणतर्फ गङ्गाको सहायक नदी हो ।

यी नदीले भारत, नेपाल, तिब्बत र बङ्गलादेशसम्म लाखौं मानिसको जीवन धानिरहेका छन् । यसबाट कैलासको भूगोल मात्र होइन, जीवनको मूल स्रोतका रूपमा पनि महत्त्व स्थापित हुन्छ ।

**किन कैलास पर्वतलाई ब्रह्माण्डको केन्द्र मानिन्छ । कैलास पर्वत तिब्बतको एक भव्य हिमशृंखला, हिन्दू, बौद्ध, जैन र बोन धर्मावलम्बीहरूद्वारा 'ब्रह्माण्डको केन्द्र' का रूपमा पूजा गरिन्छ । यो पर्वत पौराणिक मेरू पर्वतको प्रतीक हो र भगवान् शिव तथा अन्य दिव्य शक्तिहरूको निवासस्थल मानिन्छ । भक्तजन आध्यात्मिक रूपान्तरणको आशामा कैलास कोरा (परिक्रमा)को यात्रा गर्छन् र यस पर्वतको आरोहण निषेध गरिएको पवित्रतामा श्रद्धा प्रकट गर्छन् ।**

### कैलास कोरा र आत्मिक रूपान्तरण

वर्षेनि हजारौं श्रद्धालुले ५२ किलोमीटर लामो कैलास कोरा यात्रा गर्छन् । यो अत्यन्त पवित्र मानिएको यात्राले आत्मा शुद्ध पार्ने, पाप मोचन गर्ने र आध्यात्मिक उन्नति गराउने विश्वास गरिएको छ ।

उचाइ, चिसो र कठिन बाटोले गर्दा यो यात्रा शारीरिक रूपमा गाह्रो भए पनि भक्तिको गहिरो भावना र मुक्तिको आशाले यो यात्रालाई अद्वितीय बनाउँछ । कैलास पर्वत अहिलेसम्म कसैले पनि आरोहण गर्न सकेको छैन र यसलाई धार्मिक विश्वासका कारण निषेध गरिएको छ । चिनियाँ सरकारले पनि पर्वतारोहण अनुमति नदिएर यसको पवित्रता जोगाइरहेको छ ।

### रहस्यमयी घटनाहरू र प्रतीकात्मकता

केही भक्तले ध्यान वा प्रार्थनाको बेला पर्वतबाट 'ॐ' ध्वनि वा शिवको डमरुको तालजस्तो ध्वनि सुन्ने अनुभव गर्छन् । साँझको समयमा पर्वतको छायाँ पूर्ण स्वस्तिक आकारमा देखिन्छ, जुन हिन्दू र बौद्धधर्ममा शुभताको प्रतीक हो । केही हिउँका आकृतिहरू 'ॐ' को आकारमा देखिन्छन् भन्ने विश्वास छ । यी घटनालाई कैलासको दिव्य ऊर्जा र ब्रह्माण्डसँगको सम्बन्धका रूपमा लिइन्छ ।

### पृथ्वी र स्वर्गबीचको सेतु

सबै परम्परामा कैलासलाई पृथ्वी र स्वर्गको बीचको सेतु अर्थात् समय र स्थान एकै बिन्दुमा जोडिने स्थान मानिन्छ । ध्यान, दिव्यता र आध्यात्मिक ऊर्जा प्राप्तिको केन्द्रका रूपमा यो पर्वत चिनिन्छ । यो ब्रह्माण्डीय धुरी, पवित्र निवासस्थल र आध्यात्मिक मुक्तिको प्रतीक हो जसले हजारौं भक्तजनलाई तानिरहन्छ । कुनै पनि हिमालजस्तै अग्लो भए तापनि यस पर्वतमा आरोहण निषेध गरिएको छ । पश्चिम तिब्बतको दुर्गम स्थानमा रहेको कैलास पुग्न गाह्रो छ । वरपरका क्षेत्रमा पुराना गुम्बा, तपोभूमि र धार्मिक स्थलहरू छन्, जसले यसको ऐतिहासिकता उजागर गर्छ ।

कैलास पर्वतलाई 'ब्रह्माण्डको केन्द्र' मान्नु भूगोल, पौराणिकता र आध्यात्मिकताको अद्वितीय संगमको परिणाम हो । यो केवल हिमाल होइन, यो ब्रह्माण्डको मुटु हो, जहाँ भूत, वर्तमान र भविष्य एक बिन्दुमा जोडिन्छन् । कैलासले आज पनि समय, स्थान र संस्कृतिभन्दा माथि उठेर श्रद्धा, भक्ति र शान्तिको प्रतीकका रूपमा सबैलाई निम्तो दिइरहेको छ ।

*(टाइम्स अफ इन्डियाबाट)*



तस्वीर : रासस


**कम्बोडियाको राजधानी नोम पेन्हस्थित मेकोङ नदीमा डुंगा चलाइरहेका एक मछुवा ।**

# बिपी राजमार्गको अवरोध पन्छाउन उपकरण तयारी अवस्थामा

काभ्रेपलाञ्चोक । गत असोज दोस्रो साता रोशी खोलामा आएको बाढीले क्षतिग्रस्त बिपी राजमार्ग हालको वर्षायाममा अवरुद्ध हुन नदिन विभिन्न उपाय अपनाउँदै अस्थायी संरचनासमेत बनाइएको छ ।

डिभिजन सडक कार्यालय भक्तपुरले बाढीपश्चात पहिलाको भन्दा केही फिट उचाइमा अस्थायी भरान गरी यातायात सञ्चालनार्थ निर्माण गरिएको सडक हालको वर्षाले क्षति हुन नदिन सतर्कता अपनाउँदै संरचना निर्माण गर्नुका साथै अवरोध भइहाले पन्छाउन उपकरणहरू तयारी हालतमा राखिएको जनाएको छ ।

बाढीले काभ्रेपलाञ्चोकतर्फको चौकीडाँडा, कटुञ्जेबेसी, मंगलटार र माम्तीमा हुन सक्ने क्षति रोक्न ग्याबिन जालीको पर्खाल लगाइएको र सडक अवरुद्ध भइहाले पन्छाउन ठूला उपकरणहरू तयारी अवस्थामा राखिएको कार्यालयले जनाएको छ ।



कार्यालयले वर्षायाममा बाढीपहिरोका कारण राजमार्गमा आउन सक्ने अवरोध तत्काल हटाउन सडक पुनःनिर्माणका लागि ठेक्का लागेको सडक खण्डमा निर्माण व्यवसायीको १५/१५ ओटा उपकरणका साथै डोजर, टिपर, लोडरलगायत सात उपकरण तयारी अवस्थामा राखेको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले बताए ।

सरकारले गत सालको बाढीका कारण क्षतिग्रस्त बिपी राजमार्गअन्तर्गत २९ किलोमिटर सडक खण्डलाई चार खण्डमा पुनःनिर्माण गर्ने गरी प्रक्रिया अघि बढाएको छ । क्षतिग्रस्त राजमार्ग पुनःनिर्माणका लागि काभ्रेपलाञ्चोक क्षेत्रमा तीन खण्ड र सिन्धुलीतर्फ एक खण्डमा दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित काम हुने भएको हो ।

योगेशका अनुसार काभ्रेपलाञ्चोकतर्फ पुनःनिर्माण हुने सडकमध्ये डालाबेसीदेखि चार सय बेसीसम्मको साढे ८ किलोमिटरका लागि खानी/कमलजित/एवान जेभी छनोट भएको छ । उक्त सडक खण्ड पुनःनिर्माण गर्न निर्माण व्यवसायीले १ अर्ब ४२ करोड रुपैयाँ कबोल गरेको जनाइएको छ । काभ्रेपलाञ्चोकतर्फको चार सय बेसीदेखि भकुण्डेबेसीसम्मको ११ किलोमिटर पुनःनिर्माणका लागि भने प्राविधिक मूल्यांकनको काम भइरहेको योगेशले बताए ।

काभ्रेपलाञ्चोकतर्फकै बर्षेखोलादेखि डालाबेसीसम्मको साढे ५ किलोमिटर जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका) र नेपाल सरकारले पुनःनिर्माण गर्ने भएका छन् । यसको ३ दशमलव २ किलोमिटर जाइकाले र २ दशमलव ३ किलोमिटर नेपाल सरकारले पुनःनिर्माण गर्ने जनाइएको छ । सिन्धुलीको खाल्टे डिभिजन सडक कार्यालयले ठेक्का लगाएको नेपालथोकदेखि बर्षेखोलासम्मको ४ किलोमिटर भने सम्झौताका चरणमा रहेको छ ।

क्षतिग्रस्त सडकको लागि नेपाल सरकारले ८ अर्ब ५० करोड बजेट सुनिश्चित गरेको छ । काभ्रेपलाञ्चोकतर्फको तीन खण्डका लागि ७ अर्ब ५० करोड र सिन्धुलीको खण्डका लागि १ अर्ब रुपैयाँ सुनिश्चित भएको डिभिजन कार्यालय भक्तपुरले जनाएको छ ।

कार्यालयका अनुसार हालको वर्षायाममा राजमार्ग पुनःनिर्माणको काम शुरू हुँदैन । भकुण्डेबेसीदेखि नेपाल थोकसम्म पुनःनिर्माण हुने सडक इन्टरमिडियट लेनबाट डबल लेन सडक बनाइनेछ । जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ मा बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किलोमिटर) निर्माण शुरू भएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्ग २०७२ असार १८ गते जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । बिपी राजमार्ग संघीय राजधानी काठमाडौंलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो सडक हो । *रासस*

**बाँकी पृष्ठ १ बाट ...**

**नक्कली कागजात ...**

उक्त कागजात पेश गर्ने क्रममा जेसीईले हेचाउ कम्पनीको इमेल ठेगाना र फोन नम्बरसमेत उल्लेख गरेको थियो । तर, सापकोटाका अनुसार अहिले जेसीईले पेश गरेको कागजात नक्कली हो भनेर दाबीसहित जगदुल्लालाई प्राप्त भएको कम्पनीको फोन नम्बर पनि मिलेको छैन ।

जगदुल्लाका एक अधिकारीका अनुसार सिनो हाइड्रोले मूल्य अभिवृद्धि करसहित १५ अर्ब ७ करोड रुपैयाँ र जियाङ्सी र एएनकेको संयुक्त उपक्रमले १३ अर्ब ७३ करोड रुपैयाँ रकम कबोल गरेका छन् । यसको अर्थ, जियाङ्सी र एएनकेको संयुक्त उपक्रमले उक्त ठेक्का हात पार्न सक्ने देखिएको बेला नक्कली कागजात पेश गरेको आरोप उक्त संयुक्त उपक्रममाथि लागेको हो ।

सोही विवादका कारण जगदुल्ला जलविद्युत् आयोजनाको विवादित ठेक्का प्रक्रियामा स्पष्ट नभई सम्झौता अघि नबढाउन प्रतिनिधिसभाको सावर्जनिक लेखा समितिले निर्देशन दिएको छ ।

समितिले कम्पनीसँग जोडिएर केही निर्माता कम्पनी नक्कली कागजात पेश गरी बोलपत्रमा समावेश भएको भनी आएका गुनासाका विषयमा प्रस्ट नभई सम्झौता अघि नबढाउन भन्दै गत जेठ २३ मा निर्देशन दिएको हो । समितिको निर्देशनपश्चात् कम्पनीले समितिलाई जाँचबुझका लागि कागजात बुझाइसकेकाले नयाँ निर्णय पर्खिएको सापकोटाको भनाइ छ ।

विवादित ठेक्का प्रक्रियाका विषयमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले समेत अनुसन्धान आगाडि बढाएको थियो । सिनो हाइड्रोले अर्को प्रतिस्पर्धी चिनियाँ कम्पनीले नक्कली कागजात पेश गरी जलविद्युत् परियोजनाको ठेक्का हात पार्न लागेको भनी निवेदन दर्ता गरेपछि सीआईबीले अनुसन्धान अघि बढाएको हो ।

यद्यपि प्रहरीले उक्त विषयमा अहिलेसम्म अनुसन्धान जारी राखेको सीआईबीका प्रवक्ता प्रहरी उपरीक्षक युवराज खड्काले बताए ।

**दुई संसदीय समितिको ...**

बोर्डका एक उच्च अधिकारीले सार्वजनिक लेखा समितिको निर्देशनमा ९० रुपैयाँभन्दा कम नेटवर्थ भएका कम्पनीलाई आईपीओमा रोक लगाइरहेको अवस्थामा अर्थ समितिको फरक किसिमको निर्देशनले अन्योल सृजना भएको बताए ।

'लेखा समितिको निर्देशन उल्टचाउने गरी अर्थ समितिको निर्देशन आएको छ,' उनले भने । 'तत्काल अर्थ समितिको निर्देशन कार्यान्वयन गर्दा लेखा समितिको निर्णय उल्लंघन गरेको देखिने भएकाले बोर्ड कानूनी राय लिएर मात्र अघि बढ्ने निर्णयमा पुगेको छ ।'

अर्थ समितिका सभापति सन्तोष चालिसेले आईपीओका लागि नेटवर्थको लगाम आवश्यक नभएको बताए । कानूनमै नभएको नेटवर्थको व्यवस्थालाई कारण बनाएर बोर्डले आईपीओ अनुमति रोक्न नहुने तर्क सभापति चालिसेको छ ।

अर्थ समितिले धितोपत्र बोर्ड आफ्नो कार्यक्षेत्रको संस्था भएकाले उसले आफ्नो निर्देशन पालना गर्नुपर्ने अडान राखिरहेको छ । तर, असार ५ गते सार्वजनिक लेखा समितिले बोर्डलाई पुनः पत्राचार गर्दै २०८० पुस १२ गतेको निर्देशन कार्यान्वयन अवस्था जानकारी गराउन बोर्डलाई चिठी लेख्यो । यसले दुई संसदीय समितिबीचको कार्यक्षेत्रको विवाद पनि उजागर गरेको छ ।

लेखा समितिको निर्देशन मान्दै बोर्डले पछिल्लो समय नेटवर्थ प्रतिकित्ता ९० रुपैयाँभन्दा बढी भएर प्रक्रिया पूरा गरेका कम्पनीलाई आईपीओ स्वीकृति दिँदै आएको छ ।


२०८२ सालयता बोर्डले चार जलविद्युत् कम्पनीलाई आईपीओ र एक कम्पनीलाई थप निष्कासन (एफपीओ) अनुमति दिएको छ । वैशाख १६ गते विकास हाइड्रोपावरलाई ४४ करोड ५४ लाख ५९ हजार ६०० रुपैयाँ बराबरको आईपीओ अनुमति दिएको बोर्डले जेठ ९ गते हिमस्टार ऊर्जा कम्पनीलाई ११ करोड १९ लाख रुपैयाँ बराबरको, जेठ २० गते दरमखोला हाइड्रो इनर्जीलाई ३९ करोड ५० लाख रुपैयाँ बराबरको र असार १ गते माबिलुङ इनर्जीलाई १८ करोड ९० लाख रुपैयाँभन्दा बढीको आईपीओ अनुमति दिएको छ । यीबाहेक बोर्डले स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेडलाई २ करोड ३१ लाख रुपैयाँ बराबरको २ लाख ३१ हजार कित्ता एफपीओका लागि अनुमति दिएको छ ।

आईपीओ स्वीकृतिका लागि ९० रुपैयाँभन्दा बढी नेटवर्थ हुनुपर्ने विषयले चर्चा पाइरहँदा लगानी समूहका कम्पनीको नेटवर्थ प्रतिकित्ता १०० रुपैयाँभन्दा बढी हुनुपर्ने व्यवस्था बोर्डले लागू गरेको छ ।

बोर्डले असार ८ गतेदेखि लागू हुने गरी लगानी समूहअन्तर्गतका कम्पनीको प्रतिशेयर नेटवर्थ अंकित मूल्यभन्दा बढी भएमात्र आईपीओ अनुमति पाउने व्यवस्था गरेको हो ।

# हिमतालको जोखिम घटाउन ५ अर्ब अनुदान

काठमाडौं । नेपालले जोखिममा रहेका चार हिमतालको सतह घटाउन करीब ५ अर्ब रुपैयाँ अनुदान पाउने भएको छ । मंगलवार हरित जलवायु कोष (जीसएफ) को पपुआ न्युगिनीको राजधानी पोर्ट मोरिस्बीमा बसेको ४२औं बोर्ड बैठकले नेपालबाट पेश भएको 'हिमाली जलाधारमा हुने जलवायुजन्य पहिरो र हिमताल विस्फोटको जोखिमबाट धनजनको रक्षा' शीर्षकको परियोजना स्वीकृत गरेको हो ।




बैठकमा भाग लिन पोर्ट मोरिस्बी पुगेका अतिकम विकसित मुलुकहरूको समूह (एलडीसी) को तर्फबाट जीसीएफको वैकल्पिक बोर्ड सदस्य डा सिन्धुप्रसाद ढुंगानाले यस परियोजनमा हरित जलवायु कोषबाट ३ करोड ६२ लाख अमेरिकी डलर अर्थात् करीब ५ अर्ब रुपैयाँ अनुदान प्राप्त हुने निर्णय भएको पुष्टि गरे ।

'विकसित मुलुकबाट १२ र विकासशील मुलुकबाट १२ गरी २४ सदस्य हुने बोर्डमा कुनै प्रस्ताव मतदानबाट र कतिपय प्रस्ताव बोर्ड सदस्यहरूबीच व्यापक छलफलपछि स्वीकृत भएका थिए । नेपालको प्रस्ताव भने सर्वसम्मतिले स्वीकृत भएको थियो,' उनले भने । 'यसबाट कोष र बोर्डको नेपालप्रति सदस्यता रहेको प्रस्ट देखिन्छ । नेपालको राष्ट्रिय अनुकूलन योजनामा समेत गम्भीरतापूर्वक राखिएको हिमताल विस्फोटको जोखिममा यस्ता दर्जनौं अरु परियोजनाको खाँचो छ ।'

ढुंगानाले करीब सात वर्ष लगाएर तयार गरिएको यो परियोजना कार्यान्वयनबाट हिमताल विस्फोटको जोखिमबाट नेपाल जोगाउने उपायका लागि नमूना सिद्ध हुने अपेक्षा गर्न सकिने बताए । उनका अनुसार कोषको ४२औं बैठकमा १९ प्रस्ताव पेश भएकामा नेपालको सहित १७ ओटा प्रस्ताव पारित भएका छन् ।

त्यसैगरी यस परियोजनमा नेपाल सरकार, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी), स्वतन्त्र ऊर्जा उत्पादक संघले १ करोड ३८ लाख अमेरिकी डलर सहलगानी गर्ने प्रतिबद्धता जनाएका छन् । यो परियोजना नेपाल सरकारको तर्फबाट कोषको सम्बन्धन प्राप्त निकायको रूपमा यूएनडीपीले पेश गरेको हो ।

यूएनडीपीका प्रवक्ता क्याको योकोसुकाले सात वर्षे उक्त परियोजना जल तथा मौसम विज्ञान विभागको नेतृत्वमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमसँगको साझेदारीमा लागू हुने जानकारी दिए । 'यसले कोशी र गण्डकी नदी प्रणालीमा पर्ने करीब २२ लाख जनसंख्यालाई प्रत्यक्ष लाभ पुऱ्याउनेछ,' उनले भने । 'यस परियोजनाअन्तर्गत उच्च जोखिमयुक्त चारओटा हिमतालको सतह घटाइने, पूर्वसूचना प्रणाली विस्तार गरिने, नदी किनारामा १५० हेक्टरभन्दा बढी क्षेत्रमा वन रोपणसहित प्राकृतिकमार्फत संरक्षण गरिने र विपद् पूर्वतयारी र जलवायु सहनशीलता अभिवृद्धि गरिने योजना रहेको छ ।' नेपालले यसअघि सोलुखुम्बुको इम्जा तालमा ३ दशमलव ४ मिटर पानीको सतह नियन्त्रणपूर्वक घटाएर सफलतापूर्वक सम्भावित विपद् टार्न सफल भएको थियो ।

**विकसित मुलुकबाट १२ र विकासशील मुलुकबाट १२ गरी २४ सदस्य हुने बोर्डमा कुनै प्रस्ताव मतदानबाट र कतिपय प्रस्ताव बोर्ड सदस्यहरूबीच व्यापक छलफलपछि स्वीकृत भएका थिए ।**

अनुभवलाई यस परियोजनाले थप व्यापक बनाउने यूएनडीपीको विश्वास छ । हिमालय क्षेत्रमा तापमान तीव्र रूपमा बढ्दै गएको सन्दर्भमा यो परियोजनाले तत्कालीन आवश्यकता सम्बोधन गर्नुका साथै दीर्घकालीन दूरदृष्टिमा आधारित जलवायु कार्यलाई सहयोग गर्ने भन्दै जलवायु अतियन्ता उत्साहित देखिएका छन् । वैज्ञानिक आधार, सरकारको नेतृत्व र अन्तरराष्ट्रिय सहकार्यको बलमा अघि बढाइएको यस अभियानले नेपाललाई जलवायु सहनशील देशको रूपमा स्थापित गर्न महत्त्वपूर्ण योगदान दिने अपेक्षा गरिएको छ ।

परियोजनाले विशेष गरी नेपालका हिमाली क्षेत्रका नदी बेसिनमा जलवायु परिवर्तनका कारण उत्पन्न उच्च जोखिमलाई सम्बोधन गर्ने, हिमतालबाट सम्भावित बाढी व्यवस्थापन र तीव्र हिमाल क्षेत्रीय जलवायु प्रभावका कारण उत्पन्न हुने प्राकृतिक प्रकोपबाट स्थानीय समुदायको जीविका, संरचना तथा पूर्वाधारको सुरक्षा गर्ने लक्ष्य लिएको छ । सरकार, विकास साझेदार, विज्ञ तथा सरोकारवालाको लामो प्रयासपछि परियोजना स्वीकृत भएकोमा सबै सरोकारवालालाई बधाइ तथा धन्यवाद दिइएको छ ।

यो सफलतालाई नेपालको जलवायु न्याय र अन्तरराष्ट्रिय सहयोगदातासँगको प्रभावकारी साझेदारीको प्रमाणको रूपमा हेरिएको छ । अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र यूएनडीपीको 'इन्भेन्टोरी अफ ग्ल्यासियर लेक्स इन द कोशी, गण्डकी एन्ड कर्णाली रिभर बेसिन्स अफ नेपाल एन्ड तिब्बत, चाइना' शीर्षकको अध्ययन प्रतिवेदनले नेपाल, भारत र चीनमा अवस्थित ४७ ओटा हिमताल फुट्न सक्ने बताएको छ । यूएनडीपी र इसिमोडले संयुक्त रूपमा गरेको उक्त अध्ययन प्रतिवेदनमा नेपाल, भारत र चीनमा पर्ने ४७ हिमताल खतराको तहमा पुगेको उल्लेख छ । यी हिमताल जुनसुकै बेला फुट्न सक्ने र नेपालले ठूलो धनजनको क्षति बेहोर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ ।

उक्त अध्ययन अनुसार यीमध्ये २५ चीनमा, २१ नेपाल र एउटा भारतमा पर्छ । तीनमध्ये केही अत्यन्त संवेदनशील मानिएका छन् जसले ठूलो मात्रामा जनधनको क्षति गराउने सम्भावना रहेको अध्ययनले देखाएको छ । प्रतिवेदनले जोखिममा रहेका हिमताल फुट्दा नेपालले अर्ब डलरभन्दा बढी वित्तीय क्षति बेहोर्नुपर्ने र ठूलो मानवीय क्षति पनि हुन सक्ने चेतावनी दिएको छ । प्रतिवेदनले क्षति न्यूनीकरणका लागि आवश्यक पूर्वतयारीका कार्यक्रम तय गर्न सुझाएको छ ।

यस्तो अवस्थामा यो परियोजना नेपालको जलवायु अनुकूलन प्रयासमा ठूलो कोसेढुंगा सावित हुने विश्वास लिइएको छ । जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशीले नेपालभित्र जोखिममा रहेका २१ ओटा हिमताल जति पनि बेला फुट्न सक्ने र यसले ठूलो जोखिम निम्ताउन सक्ने खतरा रहेको बेलामा जीसीएफको अनुदानले जोखिम व्यवस्थापनका लागि सहयोग गर्ने भन्दै यो नेपालको लागि ठूलो उपलब्धि रहेको टिप्पणी गरे ।

'यस्ता जोखिममा रहेका हिमतालका जोखिम न्यूनीकरणका लागि नेपाल सरकारले खर्च व्यवस्थापन गर्न नसकिरहेको बेलामा अनुदान प्राप्त गर्नु हाम्रो लागि ठूलो सफलता हो । जीसीएफमा पहुँच पुग्नु पनि नेपालका लागि राम्रो भयो,' उनी भन्छन् । 'उक्त अनुदानले चार ओटा हिमतालको जोखिम घटाउन सहयोग गर्ने भयो । अब बाँकी रहेका हिमतालको जोखिम घटाउनका लागि कसरी अगाडि बढ्ने भनेर योजना बनाउन पनि सहयोग हुने भयो ।' जोशीले भारत र चीनभित्र जोखिममा रहेका हिमताल फुट्दा नेपाललाई पनि असर पुग्ने बताए । *रासस*

# जोखिमयुक्त यात्रा गर्न बाध्य छन् धरान हरियालीका स्थानीय

धरान (सुनसरी) । धरान उपमहानगरपालिका-८ स्थित हरियाली तीनढ्वांगे खहरे पुल भत्किएको एक वर्ष भइसक्दा पनि पुनःनिर्माण नहुँदा स्थानीय दैनिक ज्यान जोखिममा राखेर आवतजावत गर्न बाध्य छन् । २०८० चैतमा निर्माण सम्पन्न भएको सो पुल ६ महीना नपुग्दै भत्किएको थियो । एक वर्ष बितिसक्दा पनि सम्बन्धित निकायले मर्मत वा पुनः निर्माणमा कुनै पहल नगरेको भन्दै स्थानीयले गुनासो गरेका छन् ।



'वर्षदिन भयो पुल भत्किएको, तैपनि यहीँबाट हिँड्नुपर्ने बाध्यता छ,' स्थानीय जीवन तामाङले भने । 'साना बच्चा, वृद्ध र बिरामी लिएर हिँड्दा निकै जोखिम हुन्छ, कहिले पुल बन्ला भन्ने आशामा छौं । अहिले बर्खा लागिसक्यो, खोलामा बाढी आउँछ भन्ने त्रास छ, तर विकल्प छैन ।'

उनका अनुसार पुल भत्किएपछि पैदल यात्रुले जोखिम मोलेर आवतजावत गरिरहेका छन् भने सवारीसाधनहरू वैकल्पिक बाटो प्रयोग गर्न बाध्य छन् । 'सवारीसाधनले त घुमाउरो बाटो समात्छन्, तर हामीजस्ता बूढापाका, बालबालिका र विद्यार्थी जोखिम मोलेर हिँड्नुपरेको छ,' स्थानीय ७९ वर्षीय अमृत श्रेष्ठले भने । 'पुल नहुँदा बिरामी बोकेर अस्पताल लैजान एम्बुलेन्सलाई समस्या भएको छ ।' पहिले यही पुल प्रयोग गर्दा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुग्न छोटो दूरी थियो, अहिले वैकल्पिक घुमाउरो बाटो प्रयोग गर्दा बिरामी ढिलो पुग्ने र त्यसले गम्भीर असर पारिरहेको स्थानीयको भनाइ छ ।

वर्षायाम शुरू भइसकेकाले खहरे खोलामा बाढी थुनिएर बस्तीमा पस्न सक्ने खतरा बढेको छ । धरान बजार क्षेत्रको फोहोर पानी यही खोलामा मिसिने भएकाले करीब २०० घर प्रत्यक्ष बाढीको जोखिममा रहेको वडाध्यक्ष धनबहादुर राईले जानकारी दिए । उनका अनुसार २०१७ सालमा ब्रिटिस घोपा क्याम्प जान सहज होस् भनेर निर्माण गरिएको सो पुल अहिले पूर्ण रूपमा भत्किएको छ । मदन भण्डारी राजमार्ग निर्माणका क्रममा नयाँ पुल नबनाई पुरानै पुलमाथि कालोपत्र गर्दा पुल भत्किएको उनको भनाइ छ । धरान उपमहानगरपालिकाका उपप्रमुख आइन्द्रविक्रम बेघाले पुलको स्थलगत निरीक्षण भइसकेको र हाल अस्थायी रूपमा क्याबिन राखी कल्भर्टमार्फत पानी बगाउने योजना बनाइएको बताए । उनले चाँडै पुल पुनःनिर्माणको प्रक्रिया शुरू गरी स्थानीयको समस्या समाधान गर्ने प्रयास भइरहेको बताए ।

मदन भण्डारी राजमार्ग निर्माण आयोजनाका इन्जिनियर घनश्याम खड्काका अनुसार २०८० मा सडक कालोपत्रे गर्दा पुल ठीकठाक देखिएपछि त्यहीँमाथि कालोपत्र गरिएको थियो । तर, कल्भर्टमा प्रयोग गरिएको फलाम पुरानो भई खिया लागेकाले भाँचिएको उनले बताए ।

कल्भर्ट भाँचिएपछि अस्थायी रूपमा बनाइएको बाटो पनि पुनः बाढीले बगाएपछि साना सवारी र टेम्पो सञ्चालन गर्न मिल्ने गरी साइडबाट अस्थायी फलामको पुल बनाइएको उहाँले जानकारी दिए । स्थायी समाधानका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्ने प्रक्रिया अगाडि बढिरहेको र त्यसपछि नयाँ पुल निर्माण शुरू गरिने उनको भनाइ छ ।

उनका अनुसार पुल निकै पुरानो भएकाले त्यसको लागत र विवरण अभिलेखमा छैन । हालैको बाढीले खहरे खोलामा भित्री कटान बढाएपछि स्थानीयमा थप त्रास फैलिएको उनले बताए । 'खोलाले धेरै कटान गरिसकेको छ । नयाँ पुल निर्माण अत्यावश्यक छ । अध्ययन गरेर निर्माण गर्नुपर्छ र त्यसका लागि केही समय लाग्न सक्छ,' इन्जिनियर खड्काको भनाइ छ ।

धरान बजार क्षेत्रका ढल खहरेमा मिसिने भएकाले बर्खामा पानीको बहाव अत्यधिक हुने र खहरेको धार परिवर्तन भई बस्तीमा पस्न सक्ने स्थानीयको चिन्ता छ । स्थानीयले पुलको पुनःनिर्माण चाँडो गर्न सरकार र सरोकारवाला निकायलाई आग्रह गरिरहेका छन् । पुल निर्माणमा ढिलाइ हुँदा जनधनको क्षति हुन सक्ने स्थानीयको भनाइ छ । *रासस*

**आगामी साधारणसभा**

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) | | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बोनस | नगद | | |
| १ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | २०८०/८१ | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं | असार १८ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २५ |
| २ | मोदी ईनर्जी लिमिटेड | विशेष | रानी महल ब्याङ्क्वेट, ज्ञानेश्वर, काठमाडौं | असार १९ | ११:०० | | | शतप्रतिशत हकप्रद शेयर निष्कासन गर्ने, सञ्चालकको नियुक्ति | असार १२ |
| ३ | शुभम पावर लिमिटेड | २०७९/८०, २०८०/८१ | लर्ड पार्टी भेन्यू, धुम्बाराही, काठमाडौं | असार २० | १०:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | असार ६ |
| ४ | सयपत्री हाइड्रोपावर लिमिटेड | २०८०/८१ | ज्योति ब्याङ्क्वेट एण्ड इभेन्ट म्यानेजमेन्ट, मैजुबहाल, कुमारीगाल, काठमाडौं | असार २१ | ८:०० | | | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | असार ९ |
| ५ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | कम्पनीको प्रधान कार्यालय, बुटवल | असार २८ | ११:०० | | | समाज लघुवित्त वित्तीय संस्थासँगको मर्जर प्रस्ताव पारित गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | असार १५ |
| ६ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | २०७५/७६, २०७६/७७ | अनमोल क्याटरिङ सर्भिस, शंखमूल, काठमाडौं | असार २९ | ११:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | असार २३ - असार २९ |
| ७ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड | २०८०/८१ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर | असार ३० | ११:४५ | १० | ०.५२६३१६७९ | सञ्चालकको निर्वाचन/नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | असार १६ |
| ८ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | ताम्राकार पार्टी भेन्यू, पनौती, काभ्रेपलाञ्चोक | असार ३० | १२:३० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | असार १६ |
| ९ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | होटल ईच्छा सिमरा, बारा | असार ३० | १:०० | ५.१ | ०.२६८४ | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | असार २० |
| १० | यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट क्याटरिङ्ग एण्ड इभेन्ट, भाटभटेनी, काठमाडौं | असार ३० | १०:३० | १० | ०.५२६३ | १० प्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | असार १९ |
| ११ | एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल सिटि स्क्वायर, पोखरा, कास्की | असार ३२ | ९:०० | | | शेयर स्वामित्व परिवर्तन गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | असार २४ |

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | दरमखोला हाइड्रो इनर्जी लिमिटेड |
|---|---|
| दिन | २०८२ असार १७ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | २ लाख ९१ हजार ९५० |
| आवेदक संख्या | ५७ हजार ३१४ |
| आवेदन परेको कित्ता | ११ लाख ४४ हजार ६२० |
| आवेदन परेको रकम | ११ करोड ४४ लाख ६२ हजार |
| निष्कासनको तुलनामा माग | ३.९२ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८२ असार २३ गते |
| विक्री प्रबन्धक | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी

**होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ असार १७)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कालिञ्चोक दर्शन लिमिटेड | ११००.८ | १३८१ | ९७० |
| २ | चन्द्रागिरि हिल्स लिमिटेड | ९५२.२ | १३६० | ८३९ |
| ३ | तारागाउँ रिजेन्सी होटल्स लिमिटेड | ९१६.१६ | १५३८ | ७५० |
| ४ | ओरियण्टल होटल्स लिमिटेड | ८६८.६१ | १२०५ | ७५२ |
| ५ | सिटि होटल लिमिटेड | ८२३.१५ | ११६८.५ | ६९० |
| ६ | सोल्टी होटल लिमिटेड | ५५८.५ | ६३६.५ | ४१७ |

# आजदेखि विकास हाइड्रोपावरको आईपीओ

काठमाडौं (अस) । विकास हाइड्रोपावर कम्पनी लिमिटेडले असार १८ गते (आज)देखि थप सर्वसाधारणमा आईपीओ निष्कासन गर्न लागेको छ ।

पहिलो चरणमा आयोजना प्रभावित स्थानीय र वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि आईपीओ निष्कासन तथा बाँडफाँट गरिसकेको कम्पनीले अब दोस्रो चरणमा थप सर्वसाधारणका लागि आईपीओ निष्कासन गर्न लागेको हो ।

कम्पनीले आफ्नो जारी पूँजीको ४९ प्रतिशतका दरले हुन आउने ४४ लाख ५४ हजार ५९६ कित्ता आईपीओ निष्कासन गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमति पाएको थियो । कुल कित्ता आईपीओमध्ये पहिलो चरणमा ९ लाख ९ हजार १०१ कित्ता आयोजना प्रभावित स्थानीय र ३ लाख ५४ हजार ५५० कित्ता वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्कासन गरी असार ५ गते बाँडफाँट गरिएको हो । यी बाहेक बाँकी शेयरमध्ये ७० हजार ९१० कित्ता कर्मचारीहरूका लागि र १ लाख ७७ हजार २७५ कित्ता सामूहिक लगानी कोषका लागि बाँडफाँट गरिएको जानकारी कम्पनीले दिएको छ । थप सर्वसाधारणमा २९ लाख ४२ हजार ७६० कित्ता आईपीओ सार्वजनिक निष्कासनमा आउन लागेको हो ।

सार्वजनिक निष्कासनमा आउने आईपीओ खरीदका लागि न्यूनतम १० कित्तादेखि अधिकतम १० हजार कित्तासम्म माग गर्न पाउने व्यवस्था छ । निष्कासन मिति असार २२ गतेसम्मका लागि तोकिएको छ । सो अवधिभित्र माग बमोजिम आवेदन नपरेमा भने असार ३२ गतेसम्म विक्रीमा रहने जानकारी कम्पनीले दिएको छ । आईपीओमा यस अघि मागभन्दा अधिक आवेदन पर्दै आएको अवस्थालाई लिएर अनुमान गर्दा कम्पनीको आईपीओ असार २२ गतेसम्म मात्र निष्कासनमा रहनेछ । आईपीओ निष्कासन तथा विक्री प्रबन्धकको जिम्मेवारी प्रभु क्यापिटल लिमिटेडले पुरा गर्नेछ । आवेदनका लागि भने विक्री प्रबन्धकसँगै सम्पूर्ण आस्बा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका कार्यालयमार्फत आवेदन दिन सकिने व्यवस्था छ । साथै, मेरोशेयर अनलाइनबाट पनि आवेदन दिन सकिनेछ ।

आईपीओ निष्कासनका लागि गराइएको रेटिङमा इक्रा नेपालले कम्पनीलाई वित्तिय दायित्व पुरा गर्ने क्षमतामा मध्यम जोखिम रहेको संकेत गर्दै इक्रा एनपी इस्यूअर त्रिपल बी माइनस रेटिङ प्रदान गरेको छ ।

**कम्पनीको परिचय**

नेपालमा रहेको अपार जलस्रोतको उपयोग गरी जलविद्युत् आयोजनाको निर्माणका लागि यो कम्पनी निजी क्षेत्रका उद्यमीहरू मिलेर २०७३ साल माघ २६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रूपमा दर्ता भएको थियो । आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूसँगै सर्वसाधारणको सहभागिता विस्तार गर्ने उद्देश्यले पछि २०७९ साल जेठ २५ गते कम्पनी पब्लिक लिमिटेडमा परिणत भएको हो । कम्पनीमा २०५ जना संस्थापक सदस्यहरू रहेका छन् । कम्पनीको जलविद्युत् उत्पादन केन्द्र गोरखा जिल्लाको भार्चे गाउँपालिका ४ मा रहेको छ । कम्पनीले गोरखा जिल्लामा ४ दशमलव ५५ मेगावाट क्षमताको माथिल्लो माछाखोला साना जलविद्युत् आयोजना निर्माण सम्पन्न गरी विद्युत उत्पादन तथा विक्री गरिरहेको छ । उक्त आयोजनाबाट २०७९ साल फागुन १७ गतेदेखि व्यापारिक उत्पादन शुरू भएको हो । यस आयोजना निर्माणको कुल लागत १ अर्ब ११ करोड ८२ लाख रुपैयाँभन्दा बढी रहेको छ ।

**पूँजी संरचना**

अधिकृत पूँजी ९० करोड ९१ लाख १ हजार ३०० रुपैयाँ रहेको कम्पनीको जारी पूँजी पनि सोही रकम बराबर रहेको छ । हाल संस्थापक तर्फबाट चुक्ताभएको पूँजी ४६ करोड ३६ लाख ४१ हजार ७०० रुपैयाँ छ । सर्वसाधारणका लागि छुट्ट्याइएको सम्पूर्ण कित्ता शेयर बाँडफाँटपछि चुक्तापूँजी ९० करोड ९१ लाख १ हजार ३०० रुपैयाँ कायम हुनेछ । आईपीओपछि कम्पनीमा संस्थापकतर्फ ५१ प्रतिशत र सर्वसाधारणतर्फ ४९ प्रतिशत शेयर स्वामित्व कायम हुनेछ । कम्पनीले बैंकबाट लिएको कर्जा रकम र कम्पनीले भुक्तानी गर्न बाँकी दायित्व रकम भुक्तानीका लागि आईपीओ निष्कासन गरेको जानकारी दिएको छ ।

**वित्तीय अवस्था**

गत आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्म कम्पनी १ करोड १९ लाख रुपैयाँभन्दा बढी सञ्चित नोक्सानीमा रहेको छ । चालू आर्थिक वर्षको अन्त्यसम्म ४ करोड १३ लाख रुपैयाँभन्दा बढी सञ्चित नाफा गर्ने प्रक्षेपण कम्पनीले गरेको छ । चालू आर्थिक वर्षको पुस मसान्तसम्म भने कम्पनी १ करोड २८ लाख रुपैयाँभन्दा बढी सञ्चित नाफामा रहेको छ । गत आर्थिक वर्षसम्मको वास्तविक वित्तीय विवरणअनुसार १ रुपैयाँ ५५ पैसा प्रतिशेयर आम्दानी रहेको कम्पनीको प्रतिशेयर नेटवर्थ भने ९७ रुपैयाँ ४३ पैसा रहेको छ ।

**दोस्रो बजारमा पहिलो कारोबार मूल्य कति ?**

विकास हाइड्रोपावरले प्राथमिक बजारमा लगानीकर्ताहरूका लागि प्रतिकित्ता १०० रुपैयाँमा आईपीओ जारी गरी त्यसको कारोबारका लागि धितोपत्र दोस्रो बजारमा सूचीकृत गराउनेछ । दोस्रो बजारमा सूचीकृतपछि पहिलो कारोबार मूल्य बजार सञ्चालकले तय गर्नेछ । हाल नेपालमा सञ्चालनमा रहेको एकमात्र धितोपत्र दोस्रो बजार सञ्चालक नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले कम्पनीको वास्तविक प्रतिशेयर नेटवर्थको आधारमा पहिलो कारोबार मूल्य तोक्ने गरेको छ । हालको व्यवस्था बमोजिम कुनै पनि कम्पनीको आईपीओ सूचीकृतपछि कम्पनीको वास्तविक प्रतिशेयर नेटवर्थदेखि त्यसको तीन गुणासम्मको मूल्यरेञ्ज पहिलो कारोबारका लागि तोक्ने गरिन्छ । यस कम्पनीको वास्तविक प्रतिशेयर नेटवर्थ ९७ रुपैयाँ ४३ पैसा रहेको छ । यस आधारमा दोस्रो बजारमा सूचीकृतपछि कम्पनीको पहिलो कारोबार मूल्य न्यूनतम प्रतिकित्ता ९७ रुपैयाँ ४३ पैसादेखि अधिकतम २९२ रुपैयाँ २९ पैसासम्मको मूल्य रेञ्ज नेप्सेले तोक्नेछ ।


## धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०३/१८ गते

यस माछापुच्छ्रे बैंक लि. तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले आफ्नो उद्योग/ब्यापार, ब्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक ब्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ०८ (आठौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ ।

**तपसिल**

**शाखा कार्यालय : जनकपुर**

**ऋणीको नाम, ठेगाना**

**१.** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १ बमोजिम दर्ता कायम रहेको **रियल हाईजिन नेपाल प्रा.लि.** ।
दर्ता नं. १४४५५८/०७२/०७३, दर्ता मिति : २०७२/१०/१४, पान नं. ६०३५८५४०३, दर्ता मिति : २०७२/१०/१९
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. २, **संचालक : मन्जुला रौनिया**

**२. मन्जुला रौनियार**
ना.प्र.नं. ४३९/३९२३८५१०, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६०/०१/१६
बाबु : भगवानलाल प्रसाद, पति : अर्जुन गुप्ता, ससुरा : राम ईश्वर प्रसाद गुप्ता
ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर वडा नं. ४, हाल : धनुषा जिल्ला, जनकपुर वडा नं. २

**व्यक्तिगत जमानतकर्ताहरू**

**१. मन्जुला रौनियार**
ना.प्र.नं. ४३९/३९२३८५१०, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६०/०१/१६
बाबु : भगवानलाल प्रसाद
पति : अर्जुन गुप्ता, ससुरा : राम ईश्वर प्रसाद गुप्ता
ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. ४
हाल : धनुषा जिल्ला, जनकपुर वडा नं. २

**२. पवित्री कुमारी**
ना.प्र.नं. ४७, जि.प्र.का. सर्लाही
जारी मिति : २०३०/११/१५
पति : राम ईश्वर प्रसाद गुप्ता
ससुरा : सत्य नारायण प्रसाद गुप्ता
ठेगाना : सर्लाही जिल्ला, ब्रहमपुरी गा.वि.स. वडा नं. ४

**३. रंजीत गुप्ता**
ना.प्र.नं. १९३०३७ /८८२, जि.प्र.का. सर्लाही, जारी मिति : २०६३/११/०६
बाबु : राम ईश्वर प्रसाद गुप्ता, बाजे : सत्य नारायण प्रसाद गुप्ता, पत्नि : मनीषा गुप्ता
ठेगाना : सर्लाही जिल्ला, ब्रहमपुरी गा.वि.स. वडा नं. ४

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. राम ईश्वर प्रसाद गुप्ताको बुहारी, अर्जुन गुप्ताको पत्नि, महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर वडा नं. २ बस्ने मन्जुला रौनियारको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम भएको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. ६६२ र ६६४ को क्षेत्रफल क्रमशः ०-०-१०-० (वि.क.धु.क.) र ०-०-१३-१२ (वि.क.धु.क.) को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. राम ईश्वर प्रसाद गुप्ताको बुहारी, अर्जुन गुप्ताको पत्नि, महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर वडा नं. २ बस्ने मन्जुला रौनियारको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम भएको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. १०३, १०२ र १०४ को क्षेत्रफल क्रमशः ०-१-१२-० (वि.क.धु.क.), ०-१-१३-० (वि.क.धु.क.) र ०-२-९-० (वि.क.धु.क.) को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
३. राम ईश्वर प्रसाद गुप्ताको बुहारी, अर्जुन गुप्ताको पत्नि, महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर वडा नं. २ बस्ने मन्जुला रौनियारको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम भएको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. ७४४, ७४६, ७७७, ७४५, ७४७ र ४९ को क्षेत्रफल क्रमशः ०-२-२-८ (वि.क.धु.क.), ०-१-१८-० (वि.क.धु.क.), ०-०-१५-८ (वि.क.धु.क.), ०-२-२-८ (वि.क.धु.क.), ०-१-१८-० (वि.क.धु.क.) र ०-५-१-० (वि.क.धु.क.) को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
४. ऋणी रियल हाईजिन नेपाल प्रा.लि. ले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्तिहरु र हक हस्तान्तरण सम्बन्धी सम्झौतापत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : | बोलपत्र खोलिने मिति, समय र स्थान : |
|---|---|
| २०८२/०३/२४ मंगलबार कार्यालय समय सम्म सम्बन्धित शाखा शाखा कार्यालय | २०८२/०३/२५ बुधबार दिनको ३:३० बजे सम्बन्धित शाखा शाखा कार्यालय |

**शाखा कार्यालय : ईनरुवा**

**ऋणीको नाम, ठेगाना**

प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय इटहरी, सुनसरीमा दर्ता कायम भएको **कोशी ट्रेडर्स** ।
प्रा.फ.र.नं. ७८५०/७६/०७७, दर्ता मिति : २०७६/०७/२५, पान नं. ६११७५३७१३, दर्ता मिति : २०७६/०५/१८
ठेगाना : सुनसरी जिल्ला, कोशी गा.पा. वडा नं. १, **प्रोप्राईटर : गजेन यादव**

**व्यक्तिगत जमानतकर्ताहरू**

**१. गजेन यादव**
ना.प्र.नं. ०६१०४८/१२८२७८, जि.प्र.का. सुनसरी
जारी मिति : २०६५/०३/०४
बाबु : बालेश्वर यादव, बाजे : देवलाल यादव
ठेगाना : सुनसरी जिल्ला, लौकही गा.वि.स. वडा नं. २
हाल : सुनसरी जिल्ला, कोशी गा.पा. वडा नं. १

**२. संजय कुमार यादव**
ना.प्र.नं. ०६-०१-७१-०१५५९, जि.प्र.का. सुनसरी
जारी मिति : २०७१/०२/१८
बाबु : बालेश्वर यादव, बाजे : देवलाल यादव
ठेगाना : सुनसरी जिल्ला, लौकही गा.वि.स. वडा नं. २
हाल : सुनसरी जिल्ला, कोशी गा.पा. वडा नं. १

**३. बालेश्वर यादव**
ना.प्र.नं. १०९१३/६२८/१४८, जि.प्र.का. सुनसरी
जारी मिति : २०४३/०९/२७
बाबु : देवलाल यादव, बाजे : तुलाई यादव
ठेगाना : सुनसरी जिल्ला, लौकही गा.वि.स. वडा नं. २
हाल : सुनसरी जिल्ला, कोशी गा.पा. वडा नं. १

**४. देव कुमारी देवी यादव**
ना.प्र.नं. ५२/९३, जि.प्र.का. सुनसरी
जारी मिति : २०५८/०८/०८
पति : बालेश्वर यादव, ससुरा : देवलाल यादव
ठेगाना : सुनसरी जिल्ला, लौकही गा.वि.स. वडा नं. २
हाल : सुनसरी जिल्ला, कोशी गा.पा. वडा नं. १

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. तुलाई यादवको नाति, देवलाल यादवको छोरा, सुनसरी जिल्ला, लौकही गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, कोशी गा.पा. वडा नं. १ बस्ने बालेश्वर यादवको नाममा मालपोत कार्यालय ईनरुवामा दर्ता कायम भएको सुनसरी जिल्ला, लौकही गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. ६७३ को क्षेत्रफल ०-१-६.७५-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. देवलाल यादवको नाति, बालेश्वर यादवको छोरा, सुनसरी जिल्ला, लौकही गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, कोशी गा.पा. वडा नं. १ बस्ने गजेन यादवको नाममा मालपोत कार्यालय ईनरुवामा दर्ता कायम भएको सुनसरी जिल्ला, लौकही गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. २६० को क्षेत्रफल ०-३-१८-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
३. ऋणी कोशी ट्रेडर्सले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरू**

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/“क” वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पुनश्च :** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित


# हिम स्टार उर्जा कम्पनीले असार २४ गतेदेखि आईपीओ निष्कासन गर्ने

काठमाडौं (अस) । हिम स्टार उर्जा कम्पनी लिमिटेडले असार २४ गतेदेखि सर्वसाधारणमा आईपीओ निष्कासन गर्ने भएको छ ।

कम्पनीले पहिलो चरणमा आयोजना प्रभावित स्थानीय बासिन्दा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि आईपीओ निष्कासन तथा बाँडफाँट गरी दोस्रो चरणमा सर्वसाधारणमा आईपीओ निष्कासन गर्न लागेको हो ।

कम्पनीले आफ्नो जारी पूँजी ३७ करोड ३० लाख रुपैयाँको ३० प्रतिशतले हुने ११ करोड १९ लाख रुपैयाँ बराबरको ११ लाख १९ हजार कित्ता आईपीओ सर्वसाधारणमा निष्कासन गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमति पाएको थियो । जसमध्ये १ लाख ८६ हजार ५०० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरूका लागि र ९३ हजार २५० कित्ता वैदेशिक रोजगारीमा रहेका नेपालीमा निष्कासन गरी बाँडफाँट गरेको हो ।

यीबाहेक पनि कम्पनीले कर्मचारीहरूका लागि १८ हजार ६५० कित्ता र सामूहिक लगानी कोषहरूका लागि ४६ हजार ६२५ कित्ता आईपीओ सुरक्षित गरी बाँकी रहेको ७ लाख ७३ हजार ९७५ कित्ता शेयर सर्वसाधारण लगानीकर्ताहरूका लागि निष्कासन गर्न लागेको हो ।

सर्वसाधारणमा सार्वजनिक निष्कासनमा आउने आईपीओ खरीदका लागि न्यूनतम १० कित्तादेखि अधिकतम १० हजार कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

यो आईपीओ निष्कासन अवधि असार २७ गतेसम्म तोकिएको छ । सो अवधिभित्र माग बमोजिम आवेदन नपरेमा भने साउन ६ गतेसम्म निष्कासन अवधि रहनेछ ।

कम्पनीको आईपीओ निष्कासन तथा विक्री प्रबन्धकमा एनआईसी एशिया क्यापिटल लिमिटेड रहेको छ । विक्री प्रबन्धकसँगै आस्बा सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका कार्यालयमार्फत आवेदन पेश गर्न सकिनेछ । साथै मेरोशेयर अनलाइन समेत आवेदनका लागि खुला रहनेछ ।

कम्पनीको ५ मेगावाट क्षमताको बुकु कापटी खोला जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा रहेको छ । आयोजनाको कुल अनुमानित लागत १ अर्ब २३ करोड ८५ लाख ३६ हजार ९३५ रुपैयाँ छ भने प्रतिमेगावाट लागत २४ करोड ७७ लाख ७ हजार ३८७ रुपैयाँ छ ।

चालू आर्थिक वर्षको चैत मसान्तसम्म कम्पनी २१ लाख ५० हजार रुपैयाँ सञ्चित नोक्सानीमा छ । गत आर्थिक वर्ष २०८०/८१ सम्मको वास्तविक वित्तीय विवरणअनुसार कम्पनीको प्रतिशेयर नेटवर्थ ९९ रुपैयाँ १७ पैसा छ । सो अवधिसम्म कम्पनी २१ पैसा प्रतिशेयर नोक्सानीमा रहेको छ ।

# निरन्तर तीन कारोबार दिन बढ्यो नेप्से

मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १,५२१.८२ | ९.८७ | युनिलिभर नेपाल लिमिटेड | ४६,०००.०० | -२.१३ |
| न्यादी हाइड्रोपावर लिमिटेड | ४७०.३६ | ९.८७ | सन्राइज फर्स्ट म्युचुअल फण्ड | १०.५० | -१.८७ |
| बरुण हाइड्रोपावर कम्पनी लिमिटेड | ४४७.१८ | ८.४१ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २,१८७.७१ | -१.६९ |
| राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड | ३८७.८६ | ८.३१ | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | १,५८९.२७ | -१.४९ |
| सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | २,२०७.२१ | ८.०९ | सिन्धु विकास बैंक लिमिटेड | ८०६.२७ | -१.४९ |

**अभियान संवाददाता**

काठमाडौं

आर्थिक वर्ष सकिनै लाग्दा पछिल्लो कारोबार दिन नेप्से परिसूचक सकारात्मक गतिमा अघि बढेको छ । साताको पहिलो कारोबार दिनदेखि नेप्से परिसूचक उकालो लागेको हो । निरन्तर तीन कारोबार दिन बढेर नेप्से परिसूचक मंगलवार २ हजार ६६० दशमलव ३९ विन्दुमा पुगेको छ । गत साताको अन्तिम कारोबार दिन २ हजार ५९५ दशमलव ७४ विन्दुमा रहेको नेप्से तीन कारोबार दिनमा ६४ दशमलव ६५ अंक माथि उक्लिएको छ ।

मंगलवारको कारोबारमा २ हजार ६६३ दशमलव २४ विन्दुसम्म नेप्से पुगेको थियो भने २ हजार ६३२ दशमलव १९ विन्दुसम्म झरेको थियो । यस दिन २१७ कम्पनीको धितोपत्र मूल्य बढेको छ भने ३१ कम्पनीको धितोपत्रको मूल्य घटेको छ ।

सामुदायिक लघुवित्त र न्यादी हाइड्रोपावरको शेयर मूल्य यो दिन ९ दशमलव ८७ प्रतिशत बढेको छ । सामुदायिक लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य प्रतिकित्ता १३६ रुपैयाँ ७१ पैसाले बढेर अन्तिम मूल्य १ हजार ५२१ रुपैयाँ ८२ पैसा पुगेको छ भने न्यादी हाइड्रोपावरको प्रतिकित्ता ४२ रुपैयाँ २५ पैसाले बढेर अन्तिम मूल्य ४७० रुपैयाँ ३६ पैसा कायम भएको छ । यो दिन युनिलिभर नेपालको शेयर मूल्य सर्वाधिक २ दशमलव १३ प्रतिशत अर्थात् प्रतिकित्ता १ हजार रुपैयाँले घटेर अन्तिम मूल्य प्रतिकित्ता ४६ हजार रुपैयाँ कायम भएको छ ।

सोमवारको तुलनामा यस दिन कारोबार रकम पनि बढेको छ । सोमवार ६ अर्ब ३८ करोड रुपैयाँभन्दा बढीको १ करोड ४१ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा यस दिन ७ अर्ब ३ करोड रुपैयाँभन्दा बढीको १ करोड ५७ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

कुल कारोबारमा यो दिन एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको सर्वाधिक हिस्सा रहेको छ । कम्पनीको ४६ करोड १६ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको हो ।

बढेको बजारमा व्यापार समूहको परिसूचक शून्य दशमलव ६१ प्रतिशत र उत्पादन तथा प्रशोधन समूहको परिसूचक शून्य दशमलव शून्य ७ प्रतिशत घटेको छ भने बाँकी सबै समूहको परिसूचक बढेको छ । यो दिन लगानी समूहको परिसूचक सर्वाधिक २ दशमलव ३८ प्रतिशत बढेको छ ।

**बजार पूँजीकरण बढ्यो**

मंगलवार बजार पूँजीकरण रू. ४८ अर्ब १७ करोडले बढ्दै रू. ४४ खर्ब ३२ अर्ब ६० करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४३ खर्ब ८४ अर्ब ४२ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा मंगलवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ५२ दशमलव ३४ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ३ अर्ब ६८ करोड ९ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा लगानी समूह रहेको छ। उक्त समूहको रू. ८१ करोड ८२ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

मंगलवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. ८७ करोड ४९ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ३७ करोड ९८ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ४९ करोड ५० लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ३४ रहेको छ। जसबाट मंगलवारको बजारमा रू. ५५ करोड १८ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

समूहगत कारोबार

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ३६८.०९ | ५२.३४ |
| २ | लगानी | ८१.८२ | ११.६३ |
| ३ | विकास बैंक | ५६.१२ | ७.९८ |
| ४ | बैंकिङ्ग | ५०.१० | ७.१२ |
| ५ | लघुवित्त | ४९.५४ | ७.०४ |
| ६ | जीवन बीमा | १८.५१ | २.६३ |
| ७ | संस्थापक शेयर | १६.४३ | २.३४ |
| ८ | उत्पादन तथा प्रशोधन | १४.७५ | २.१० |
| ९ | निर्जीवन बीमा | १३.२१ | १.८८ |
| १० | अन्य | १२.२० | १.७४ |
| ११ | होटल तथा पर्यटन | १०.२६ | १.४६ |
| १२ | वित्त | ९.९० | १.४१ |
| १३ | म्युचुअल फण्ड | १.२६ | ०.१८ |
| १४ | व्यापार | ०.९९ | ०.१४ |
| १५ | ऋणपत्र | ०.०५ | ०.०१ |

सर्वाधिक कारोबार भएका पाँच धितोपत्र

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) |
|---|---|
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. | ४६.१६ |
| राधी विद्युत् कम्पनी लिमिटेड | ४५.५५ |
| बुटवल पावर कम्पनी लिमिटेड | २५.८३ |
| सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | २५.२० |
| युनियन हाइड्रोपावर लिमिटेड | २५.१६ |

शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ४९.५० | ३७.९८ | ८७.४९ |
| ३४ | २६.५० | २८.६८ | ५५.१८ |
| ३९ | २३.९८ | २३.२३ | ४७.२१ |
| ४२ | २०.३६ | २४.५२ | ४४.८९ |
| ४५ | २१.०८ | २३.२४ | ४४.३२ |

समूहगत परिसूचकमा आएको परिवर्तन

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | लगानी | १११.२७ | २.३८ |
| २ | लघुवित्त | ४,८४५.७३ | २.२२ |
| ३ | जलविद्युत् | ३,६१०.९२ | १.३८ |
| ४ | विकास बैंक | ५,४८६.६६ | १.२१ |
| ५ | जीवन बीमा | १२,८११.६४ | १.१२ |
| ६ | बैंकिङ्ग | १,३७९.५६ | १.०९ |
| ७ | निर्जीवन बीमा | १२,१३१.२४ | १.०५ |
| ८ | होटल तथा पर्यटन | ६,७३०.८२ | ०.५७ |
| ९ | वित्त | २,३४४.११ | ०.५५ |
| १० | अन्य | २,२८६.७१ | ०.४८ |
| ११ | म्युचुअल फण्ड | १९.३३ | ०.३३ |
| १२ | उत्पादन तथा प्रशोधन | ७,०६५.२० | -०.०७ |
| १३ | व्यापार | ४,१४७.५७ | -०.६१ |

# सिटिजन्स सदाबहार योजनाको इकाईमा आवेदन दिने समय थप

काठमाडौं (अस) । सिटिजन्स क्यापिटल लिमिटेडले असार १३ गतेदेखि निष्कासन गरेको सिटिजन्स सदाबहार योजनाको इकाई असार २७ गतेसम्म निष्कासनमा रहने भएको छ । असार १७ गतेभित्र माग बमोजिम आवेदन नपरेपछि योजना व्यवस्थापकले असार २७ गतेसम्म इकाई निष्कासन गर्न लागेको हो ।

५० करोड रुपैयाँको आकार रहेको खुलामुखी प्रकृतिको यस योजना सञ्चालनका लागि योजना व्यवस्थापकले ५ करोड इकाई जारी गर्न लागेको हो । प्रतिइकाई १० रुपैयाँ अंकित मूल्यका ५ करोड इकाईमध्ये बीज पूँजी बापत न्यूनतम ७५ लाख इकाई वा कुल विक्री भएको इकाई संख्याको न्यूनतम १५ प्रतिशत इकाई कोष प्रवर्द्धक सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडलाई सुरक्षित राखिएको छ । यीबाहेक बाँकी न्यूनतम ४ करोड २५ लाख इकाई प्रथम चरणको निष्कासनमा ल्याइएको हो । योजनाको इकाई निष्कासन तथा विक्री प्रबन्धकमा सिटिजन्स क्यापिटल लिमिटेड रहेको छ ।

इकाई खरीदका लागि विक्री प्रबन्धकसँगै आस्बा सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका कार्यालयमार्फत आवेदन दिन सकिनेछ । साथै, मेरोशेयर अनलाइन समेत आवेदनका लागि खुला रहनेछ । न्यूनतम १०० इकाईदेखि अधिकतम ५० लाख इकाईसम्म आवेदन दिन पाउने व्यवस्था गरिएको छ ।


**प्रभु बैंक लिमिटेड शाखा कार्यालय, कलंकी काठमाण्डौका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

**(सूचना प्रकाशित मिति २०८२/०३/१८ गते बुधबारको आर्थिक अभियान राष्ट्रिय दैनिकमा)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको व्याज एवं किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी तहाँ ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधी भित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं ऋणी, जमानतकर्ता लगायतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सकिने, कर्जाको सुरक्षण वापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं । आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तहाँ ऋणी लगायत जमानतकर्ता उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग,(वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा) बबरमहल, काठमाडौंमा प्राईभेट रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम् मिति २०७७/०९/१७ मा प्राइभेट फर्म दर्ता नं. ३-३५-३८२-१५७४५३/२०७७/७८ मा दर्ता भई आन्तरिक राजश्व कार्यालय, काठमाडौबाट मिति २०७७/०९/२२ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१४७३७६९९ को प्रमाणपत्र प्राप्त **वैदिक इम्पेक्स** ।
फर्मको ठेगाना : काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. २४, फसिकेव ।

**प्रोप्राइटर तथा जमानतकर्ता : देवकी अर्याल**
(ना.प्र.नं. २७१०६०/३७०७७ जारी मिति २०६६/०१/१३ जि.प्र.का. काठमाडौं) ।
काठमाडौं जिल्ला, का.म.न.पा. वडा न ४ ।
बाबु : लिलानाथ अर्याल ।
पति : वैकुठ दाहाल । ससुरा : चुडामणी दाहाल ।

**जमानतकर्ताः वैकुठ दहाल**
(ना.प्र.नं. २६१०१२० जारी मिति २०५२/०६/३०, जि.प्र.का.धादिङ) ।
ठेगाना : धादिङ जिल्ला, निलकण्ठ न.पा. वडा नं. ७
(साबिक सुनौला बजार गा.बि.स./न.पा. वडा नं. ७) ।
बाबु : चुडामणी दाहाल ।
बाजे : गंगादत्त दाहाल ।

**धितो सुरक्षणको विवरण :**
१. ऋणी वैदिक इम्पेक्सको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ..........१

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००


# युनाइटेड इदी मर्दीको बोनस शेयर नेप्सेमा सूचीकृत

काठमाडौं (अस) । मंगलवार नेप्सेमा युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेडको ४ प्रतिशत बोनस शेयर सूचीकृत भएको छ । कम्पनीले उक्त बोनस शेयर बापतको १ लाख ७७ हजार २४० कित्ता शेयर नेप्सेमा सूचीकृत गराएको हो ।

कम्पनीले चैत ११ गते सम्पन्न वार्षिक साधारणसभाबाट उक्त बोनस शेयर पारित गरेको थियो । कम्पनीले बोनस शेयरसँगै शून्य दशमलव २१ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) प्रस्ताव समेत सोही सभाबाट पारित गरेको थियो ।

बोनसपछि कम्पनीको चुक्तापूँजी ४६ करोड ८ लाख २४ हजार रुपैयाँ कायम भएको छ । बुधवार (आज) देखि कारोबारयोग्य हुने बोनस शेयर सम्बन्धित शेयरधनीहरूले भने आफ्नो हितग्राही खातामा जम्मा भएपछि मात्र कारोबार गर्न सक्नेछन् ।


PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ, फोन नं.: ०१-४५२३४३२/३४/३६ | शा.का. : सामाखुसी, काठमाण्डौ, फोन नं. : ०१-४९७०५५३/५४/५६ | शा.का.: पाल्पारोड बुटवल, रुपन्देही, फोन नं.: ०७१-५४१६९४/९५/९६ | शा.का.: नारायणगढ, चितवन, फोन नं.: ०५६-५९६९०१/०२

को

**तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति २०८२/०३/१८ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि यस बैंकबाट सम्पूर्ण कर्जा चुक्ता गर्न आउने ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबै लाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय: सामाखुसी, काठमाण्डौ**

**ऋणीको विवरण**

माधव प्रसाद ढुङ्गेलको नाति, ध्रुव ढुंगेलको छोरा, काठमाण्डौं जिल्ला साबिक मुलपानी गा.वि.स. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **मनिष ढुङ्गेल (ना.प्र.प.नं १०१४।९९६७७, काठमाण्डौ)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. नन्दी केशर ढुंगेलको नाति, माधव प्रसाद ढुंगेलको छोरा काठमाण्डौ जिल्ला, साबिक मुलपानी गा.वि.स. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **ध्रुव ढुंगेल (ना.प्र.प.नं ३०५०।१०६४२, काठमाण्डौ)**
२. माधव प्रसाद ढुंगेलको बुहारी, ध्रुव प्रसाद ढुंगेलको पत्नी, काठमाण्डौं जिल्ला साबिक मुलपानी गा.वि.स. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **सरस्वती ढुंगेल ( ना.प्र.प.नं ३१८।०४, काठमाण्डौ)**

**धितोमा रहेको सम्पतिको विवरण**

**ध्रुव प्रसाद ढुंगेलको** नाममा मालपोत कार्यालय चावहिल, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, मुलपानी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. १५७ को क्षेत्रफल १-७-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय: पाल्पारोड बुटवल, रुपन्देही**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही, सिद्धार्थनगरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ तथा औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम मिति २०७०/०४/०९ मा दर्ता नं. ९५८६/०७०/७१ कायम भई दर्ता भएको रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १४ स्थित **ॐ थापा कन्स्ट्रक्सन** **प्रोप्राइटर: अकन बहादुर थापा**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. प्रेम बहादुर थापाको नाति, केशर बहादुर थापाको छोरा, रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. १५ स्थित स्थायी ठेगाना भएको **अकन बहादुर थापा (ना.प्र.प.नं.: १०८२, रुपन्देही)**
२. केशर बहादुर थापाको बुहारी, अकन बहादुर थापाको पत्नी, रुपन्देही जिल्ला, बुटवल गा.वि.स./उ.म.न.पा. वडा नं. १५ स्थित स्थायी ठेगाना भएको **शान्ति थापा (ना.प्र.प.नं.: ३७२०२४/४७७४६, रुपन्देही)**

**धितोमा रहेको सम्पतिको विवरण**

**प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा यातायात व्यवस्था कार्यालय लुम्बिनी, रुपन्देहीमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन:

| सवारीको मोडल | इन्जिन नं. | च्यासिस नं. | दर्ता नं. |
|---|---|---|---|
| SHANDONG SHANTUI CHINA SG14-2020 | 78953406 | CHSG14AAPK1000370 | लु. १ क. ४२७६ |

**शाखा कार्यालय: नारायणगढ, चितवन**

**ऋणीको विवरण**

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम मिति २०७५/०६/१९ मा दर्ता नं. २५५/०७५/०७६ कायम भई दर्ता भएको चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. २ स्थित **लालटिन क्याफे**
**प्रोप्राइटर : अनिल खड्गी**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. ब्रहमचा खड्गीको नाति, दिलिप कुमार खड्गीको छोरा, चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **अनिल खड्गी (ना.प्र.प.नं. ३५८२४८/०६१, चितवन)**
२. ब्रहमचा खड्गीको नाति, दिलिप कुमार खड्गीको छोरा, चितवन जिल्ला, रत्ननगर गा.वि.स./उ.म.न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **अरुण खड्गी (ना.प्र.प.नं. ३५१०२०/१८८७, चितवन)**
३. ब्रहमचा खड्गीको बुहारी, दिलिप कुमार खड्गीको पत्नी, चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **लक्ष्मी खड्गी (ना.प्र.प.नं. ३६९/०४४, चितवन)**
४. बेखिलाल खड्गीको नाति, ब्रम्हचा खड्गीको छोरा, चितवन जिल्ला, रत्ननगर गा.वि.स./उ.म.न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **राजेन्द खड्गी (ना.प्र.प.नं. ३२३४, चितवन)**
५. बेखिलाल खड्गीको नाति, ब्रहमचा खड्गीको छोरा, चितवन जिल्ला, रत्ननगर उ.म.न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **राज कुमार खड्गी (ना.प्र.प.नं. ३२३६, चितवन)**
६. बेखिलाल खड्गीको बुहारी, ब्रहमचा खड्गीको पत्नी, चितवन जिल्ला, देवौली गा.वि.स./उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **लक्ष्मी खड्गी (ना.प्र.प.नं. ३६०७, चितवन)**

**धितोमा रहेको सम्पतिको विवरण**

**लक्ष्मी खड्गी, अनिल खड्गी र अरुण खड्गीको** सयुंक्त नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, देवौली गा.वि.स/न.पा. वडा नं. २ स्थित कित्ता नं. १४४९ को क्षेत्रफल ०-०-६.७५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८२/०३/१८ गते बुधबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु सामाखुसी, काठमाण्डौ, पाल्पारोड बुटवल, रुपन्देही र नारायणगढ, चितवनबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८२/०३/३२ गते बुधबार कार्यालय समय भित्र शाखा कार्यालय सामाखुसी, काठमाण्डौको धितोमा रहेको सम्पत्तिको हकमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८२/०४/०१ गते बिहिबार दिउँसो ४:०० बजे शर्त नं. ५ मा उल्लेख भए अनुसारको शिलबन्दी बोलपत्र दर्ता भएको यस बैंकको सम्बन्धित कार्यालयहरु बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु सामाखुसी, काठमाण्डौ, पाल्पारोड बुटवल, रुपन्देही र नारायणगढ, चितवनमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
बुधवार, १८ असार २०८२ | Wednesday, 2 July 2025
आर्थिक अभियान

# बागमतीमा औद्योगिक कर्जा काठमाडौं केन्द्रित

**अभियान संवाददाता**

काठमाडौं

चालू आर्थिक वर्ष (आव)को पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरूले बागमती प्रदेशका जिल्लाहरूमा प्रवाह गरेको औद्योगिक कर्जामध्ये काठमाडौंमा सर्वाधिक रहेको देखिएको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार बैंक तथा वित्तीय संस्थाहरूले २०८१ साउनदेखि पुससम्ममा काठमाडौंमा १० खर्ब ८९ अर्ब रुपैयाँभन्दा बढी औद्योगिक कर्जा लगानी गरेका छन्, जुन बागमती प्रदेशमा प्रवाह भएको कर्जाको ९२ दशमलव ४२ प्रतिशत हो ।

बैंक तथा वित्तीय संस्थाले बागमती प्रदेशमा ११ खर्ब ७९ अर्ब रुपैयाँभन्दा बढी औद्योगिक कर्जा लगानी गरेका छन् ।

काठमाडौंपछि सर्वाधिक औद्योगिक कर्जा प्रवाह हुने बागमती प्रदेशको जिल्ला चितवन हो । उक्त जिल्लामा ३४ अर्ब १८ करोड रुपैयाँभन्दा बढी औद्योगिक कर्जा लगानी गरिएको छ । यस्तै, ललितपुरमा २७ अर्ब ८ करोड रुपैयाँभन्दा बढी औद्योगिक कर्जा प्रवाह गरिएको छ ।



**बैंक तथा वित्तीय संस्थाहरूले २०८१ साउनदेखि पुससम्ममा काठमाडौंमा १० खर्ब ८९ अर्ब रूपैयाँभन्दा बढी औद्योगिक कर्जा लगानी गरेका छन्, जुन बागमती प्रदेशमा प्रवाह भएको कर्जाको ९२ दशमलव ४२ प्रतिशत हो ।**

बागमती प्रदेशमा प्रवाह गरिएको औद्योगिक कर्जा काठमाडौंमा केन्द्रित भए पनि सेवा कर्जा भने काठमाडौंबाहेकका जिल्लामा पनि विस्तार गरिएको छ। राष्ट्र बैंकको तथ्यांकअनुसार, चालू आवको ६ महीनामा काठमाडौंमा १४ खर्ब ५१ अर्ब रुपैयाँभन्दा बढी सेवा कर्जा लगानी गरिएको छ, जुन बागमती प्रदेशमा प्रवाह गरिएको कुल कर्जाको ७५.४९ प्रतिशत हो । उक्त प्रदेशमा १९ खर्ब २२ अर्ब रुपैयाँभन्दा बढी सेवा कर्जा प्रवाह गरिएको छ । बागमती प्रदेशमा प्रवाह गरिएको कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाह गरेको कर्जाको अंश ५९ दशमलव ६ प्रतिशत छ ।

सेवा कर्जा प्रवाहको हिसाबमा बागमती प्रदेशमा काठमाडौंपछि दोस्रो स्थानमा ललितपुर छ । उक्त जिल्लामा १ खर्ब ३७ अर्ब रुपैयाँभन्दा बढी कर्जा लगानी भएको छ, जुन बागमती प्रदेशमा प्रवाह भएको कुल सेवा कर्जाको ७ दशमलव १३ प्रतिशत हो । यसैगरी, चितवनमा १ खर्ब २३ अर्ब रुपैयाँभन्दा बढी (६ दशमलव ४४ प्रतिशत) सेवा क्षेत्र कर्जा प्रवाह भएको छ ।

# नेपाल 'सोलो एड्भेन्चर ट्राभल' सूचीको सातौं स्थानमा



काठमाडौं (अस) नेपाल सन् २०२५ को एकल साहसिक यात्रा (सोलो एड्भेन्चर ट्राभल) गन्तव्यको सातौं स्थानमा परेको छ । बेलायतस्थित साहसिक पर्यटन कम्पनी 'मच बेटर एड्भेन्चर्स'ले सार्वजनिक गरेको २५ देशहरूको सूचीमा नेपाल सातौं स्थानमा परेको हो ।

नेपाल पर्यटन बोर्डले हालै देशको साहसिक, प्राकृतिक र सांस्कृतिक विविधता विश्व समुदायसामु प्रभावकारी ढंगले प्रस्तुत गर्दै आएको छ । बोर्डले प्रवर्द्धन गर्दै आएको उत्तरदायी पर्यटन, सहज पहुँच, स्थानीय गाइड प्रयोग र समुदाय-आधारित पर्यटन प्रवर्द्धनको नीतिले नेपाललाई एकल यात्रुका लागि थप सुरक्षित, भरपर्दो र रमणीय गन्तव्य बनाएको छ ।

'मच बेटर एड्भेन्चर'को सूचीका लागि नेपाललाई अद्वितीय भू-दृश्य, समृद्ध संस्कृति, बजेटमैत्री सेवा र विविध साहसिक गतिविधिमा उच्च मूल्यांकन गरिएको छ । यसमा सगरमाथा आधारशिविर पदयात्रा, अन्नपूर्ण सर्किट र चितवन राष्ट्रिय निकुञ्जमा जंगल सफारीजस्ता गतिविधिले आध्यात्मिक शान्ति खोज्ने र साहसिला गतिविधिमा रमाउने एकल पर्यटकहरूको प्रमुख रोजाइमा नेपाल रहेको उल्लेख छ ।

पर्यटन बोर्डले एकल यात्रुको अनुभव अझ समृद्ध बनाउन गन्तव्यमा आवश्यक सूचना, स्थानीय गाइडमार्फत सुरक्षित यात्रा र संस्कृति, प्रकृति तथा साहसिक क्रियाकलापको सन्तुलित संयोजनमा जोड दिएको छ । बोर्डले प्रवर्द्धन गर्दै आएको उत्तरदायी पर्यटन नीतिअन्तर्गत हिमाली क्षेत्र, निकुञ्ज र ऐतिहासिक सम्पदास्थलहरूमा स्थानीय समुदायको सहभागिता र संरक्षणलाई प्राथमिकतामा राखेको छ ।

नेपालको यात्रा लागत औसतमा सस्तो पर्ने भएकाले नेपाललाई बजेटमैत्री गन्तव्यका रूपमा पनि मूल्यांकन गरिएको छ । जसमा भनिएको छ, 'नेपालमा सस्तो आवास, सहुलियतपूर्ण प्याकेज र प्रचुर सांस्कृतिक तथा प्राकृतिक अनुभव पाउन सकिन्छ ।'

मच बेटर एड्भेन्चर्सका सह-संस्थापक श्याम ब्रुसका अनुसार यो सूची विशेषज्ञहरूको सुझाव र ग्राहकको यात्रा अनुभवका आधारमा तयार गरिएको हो। यसमा सुरक्षा, दिगोपन, पहुँचयोग्य र लोकप्रियता जस्ता पक्षहरू समेटिएका छन् ।

उनी भन्छन्, 'नेपालले एकल यात्रुहरूलाई अद्भूत प्रकृति, गहिरो आध्यात्मिकता र हार्दिकतापूर्ण सत्कार प्रदान गर्छ, चाहे त्यो काठमाडौंका व्यस्त गल्लीहरू हुन् वा हिमाली क्षेत्रका शान्त र रमणीयस्थलहरू नै किन नहुन् ।'

त्यसैगरी मच बेटर एड्भेन्चर्सका कन्टेन्ट म्यानेजर कृषटी होम्सले भर्खरै नेपालको एकल यात्रा गरेकी थिइन् । उनले आफ्नो अनुभव उल्लेख गर्दै भनेकी छन्, 'अन्नपूर्ण संरक्षण क्षेत्रमा हिँड्दा र चितवनमा घुम्दा म आफू घरमा पुगेको अनुभूति भयो ।' मच बेटर एड्भेन्चर्सको प्रमुख १० गन्तव्यमा इटली पहिलो नम्बरमा छ भने क्रमशः जापान, नर्वे, स्पेन, अल्बानिया, पोर्चुगल, नेपाल, मोन्टेनेग्रो, जोर्डन र ग्रिस रहेका छन् ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले यस्ता अन्तरराष्ट्रिय पर्यटन कम्पनीहरूले सूचीकृत गर्नुलाई बोर्डले अवसरका रूपमा प्रयोग गर्दै थप रणनीतिक प्रवर्द्धन र गन्तव्य सुधारका पहलहरू अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# अमेरिकी सहयोग कटौतीले २०३० सम्ममा १ करोड ४० लाखभन्दा धेरैको मृत्यु हुन सक्छ : अध्ययन

पेरिस (फ्रान्स) । अमेरिकाको वैदेशिक सहयोगमा गरिएको ठूलो कटौतीका कारण सन् २०३० सम्ममा विश्वका अत्यन्त संवेदनशील १ करोड ४० लाखभन्दा बढी मानिसको मृत्यु हुन सक्ने चेतावनी एक नयाँ अन्तरराष्ट्रिय अध्ययनले दिएको छ । तीमध्ये करिब एक तिहाइ पाँच वर्षमुनिका बालबालिका हुने अनुमान गरिएको छ ।

विश्व प्रसिद्ध द ल्यान्सेट जर्नलमा प्रकाशित सो अध्ययन प्रतिवेदन संयुक्त राष्ट्रसंघको स्पेनमा भइरहेको अन्तरराष्ट्रिय सहयोग सम्मेलनको सन्दर्भमा सार्वजनिक गरिएको हो । अध्ययनका अनुसार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प पुनः सत्तामा फर्किएसँगै अमेरिकी अन्तरराष्ट्रिय विकास नियोग (युएसएआइडी)को ८३ प्रतिशत बजेट कटौती गरिएको थियो । युएसएआइडीले विगतमा विश्वव्यापी मानवीय सहयोगको ४० प्रतिशतभन्दा बढी हिस्सा प्रदान गर्दै आएको थियो । अध्ययन प्रतिवेदनका सहलेखक डाभिडे रसेल्ला भन्छन्, 'अहिलेको सहयोग कटौतीले पछिल्लो दुई दशकमा गरीब मुलुकहरूले सार्वजनिक स्वास्थ्यमा हासिल गरेका उपलब्धिहरू समाप्त गर्ने खतरा छ । यो असर कुनै महामारी वा युद्धसरह गम्भीर हुन सक्छ ।'

अध्ययनले १३३ देशका २० वर्षका तथ्यांक विश्लेषण गर्दा युएसएआइडीको सहयोगले सन् २००१ देखि २०२१ सम्म ९१ दशमलव ८ मिलियन (९ करोड १८ लाख) मानिसको ज्यान बचाएको पाइएको छ । यो संख्या दोस्रो विश्वयुद्धमा ज्यान गुमाउनेभन्दा धेरै हो । तर हाल गरिएको बजेट कटौतीका आधारमा गरिएको प्रक्षेपणअनुसार सन् २०३० सम्म १ करोड ४० लाखभन्दा बढी मानिसको मृत्यु हुने सम्भावना छ । तीमध्ये ४५ लाखभन्दा बढी पाँच वर्षमुनिका बालबालिका हुनेछन्, औसतमा हरेक वर्ष करीब ७ लाख बालबालिका ।

युएसएआइडीको सहयोगले समग्र मृत्युदर १५ प्रतिशतले घटाएको पाइएको छ भने पाँच वर्षमुनिका बालबालिकाको हकमा यो कमी ३२ प्रतिशत थियो । एचआईभी/एड्स, मलेरिया र उपेक्षित रोगहरूमा त उसको सहयोग प्राप्त मुलुकमा मृत्यु दर ५०-६५ प्रतिशतसम्म घटेको देखिएको छ ।

**अर्को महामारीको खतरा**

अध्ययनका अर्का लेखक फ्रान्सिस्को साउतेका अनुसार, 'मैले आफैले हेर्दै आएको छु युएसएआइडीको सहयोगले मोजाम्बिक जस्ता मुलुकमा कसरी एचआईभी, क्षयरोग र मलेरियासँग लड्न मद्दत गर्‍यो । अहिले त्यो संरचना ध्वस्त पार्नु गम्भीर गल्ती हो ।'

बोस्टन विश्वविद्यालयका अनुसन्धानकर्ताद्वारा सञ्चालित एक ट्र्याकरका अनुसार सहायता कटौतीले अहिलेसम्म झन्डै १ लाख ८ हजार वयस्क र २ लाख २४ हजार बालबालिकाको मृत्यु भइसकेको छ । औसतमा प्रतिघण्टा ८८ जनाको ज्यान गइरहेको देखिन्छ ।

संयुक्त राज्य अमेरिकापछि फ्रान्स, जर्मनी र बेलायतजस्ता अरू सहयोगदाता मुलुकहरूले पनि आफ्नो विदेशी सहायता घटाउने घोषणा गरेका छन् । अनुसन्धानकर्ताहरूले भनेका छन्, 'यो स्थिति तुरुन्त सुधार गर्न सकिए थप मृत्यु रोक्न सकिन्छ ।' तर सबैभन्दा ठूलो सहयोगदाता अमेरिका भने हाल स्पेनको सेविल्लामा भइरहेको विश्वकै सबैभन्दा ठूलो सहायता सम्मेलनमा सहभागी छैन ।

'अहिलेको समय सहयोग घटाउने होइन, झनै बढाउने हो,' अध्ययनमा उल्लेख गरिएको छ । *एएफपी/रासस*




*तस्वीर : रासस*

**संयुक्त राष्ट्रसंघीय 'विकासका लागि वित्त'सम्बन्धी चौथो अन्तरराष्ट्रिय सम्मेलनका क्रममा स्पेनमा रहनुभएको प्रधानमन्त्री केपी शर्मा ओली मंगलवार 'राष्ट्र प्रमुख-सरकार प्रमुखहरूका पहलबाट खानेपानी र सरसफाइमा लगानी' सम्बन्धी उच्चस्तरीय साइड इभेन्टलाई सम्बोधन गर्नुहुँदै (बायाँबाट दोस्रो) । साथमा नेपालका खानेपानीमन्त्री प्रदीप यादव (बायाँबाट पहिलो) र अन्य मुलुकको सरकारका प्रतिनिधिहरू ।**

## नेपाल वायुसेवा निगम ६७औं वर्षमा

# निगमको सुदृढीकरण अपरिहार्य : पर्यटनमन्त्री

**अभियान संवाददाता**

काठमाडौं

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ६७औं वर्षमा प्रवेश गरेको छ । मंगलवार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रिप्रसाद पाण्डेको प्रमुख आतिथ्यमा निगमले आफ्नो केन्द्रीय कार्यालयमा ६७औं वार्षिकोत्सव मनाएको हो ।

वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री पाण्डेले समग्र हवाई क्षेत्रको विकासका लागि नेपाल वायुसेवा निगमको सुदृढीकरण अपरिहार्य रहेको बताएका छन् । हवाई क्षेत्र एकअर्कासँग आश्रित हुने भएकाले वायुसेवा निगमको सदृढीकरण गरिनुपर्नेमा उनले जोड दिए । वायुसेवा निगम ऐतिहासिक महत्त्व बोकेको र राष्ट्रको पर्यटन क्षेत्रको मेरुदण्ड भएको भन्दै उनले यसको विकासका लागि सरकार सधैं साथमा रहने प्रतिबद्धता व्यक्त गरे । निगम व्यवस्थापन तथा कर्मचारीलाई वस्तुपरक, तथ्यपरक र परिणाममुखी रूपमा कार्य गर्न उनले निर्देशन समेत दिए ।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले हालसम्म गरेका उपलब्धिमूलक कार्यको जानकारी दिँदै सार्वजनिक खरीद विनियमावली नै निगमको प्रगतिको मुख्य बाधक भएको उल्लेख गरे । लक्षित उद्देश्यअनुरूप कटिबद्ध भई नागरिकको विश्वासमा वृद्धि गर्न सुरक्षित उडानलाई प्राथमिकता दिँदै सुलभ, भरपर्दो र नियमित सेवामार्फत विश्वसनीयता कायम राख्न निगम प्रतिबद्ध रहेको उनले बताए ।



सन् १९५८ जुलाई १ मा स्थापना भएको निगमले २८ सिट क्षमतायुक्त डोग्लस डिसी ३ डाकोटाबाट सेवा प्रारम्भ गरी ६७ वर्षे दौरानमा पछिल्लो पटक वाइडबडी ए ३३०-२०० सिरिजको विमान भित्र्याएर सेवा दिइरहेको छ ।

निगमले हाल अन्तरराष्ट्रियतर्फ भारतको नयाँदिल्ली, बेङ्लोर र मुम्बई तथा हङ्कङ, मलेसिया, थाइल्याण्ड, जापानको नारिता, कतारको दोहा, युनाइटेड अरब इमिरेटसको दुबई र साउदी अरबको रियादमा उडान गर्दै आएको छ । निगमले दुई थान वाइडबडी ए ३३० र दुई थान न्यारोबडी ए ३२० सिरिजका विमानमार्फत अन्तरराष्ट्रिय उडान गरिरहेको छ ।

आन्तरिकतर्फ दुर्गम भेगका विमानस्थलमा निगमले सेवा दिइरहेको छ । निगमसँग आन्तरिक उडानका लागि दुई थान ट्वीनअटर विमान छन् । निगमको ऋण दायित्व करीब ५० अर्ब पुगेको छ ।

वाइडबडी विमान खरीद गर्न कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषबाट निगमले ऋण लिएको थियो । भएका विमान पनि राम्ररी सञ्चालन नहुनु, बजेट एयरलाइन्ससँगको प्रतिस्पर्धालगायत कारणले खस्केको निगमको शाख अहिले उत्कृष्ट ग्राउण्ड ह्याण्डलिङ सेवा, अन्तरराष्ट्रिय गन्तव्यमा व्यापार प्रवर्द्धनले उकासिएको बताइएको छ ।

# जापानको औद्योगिक उत्पादन मे महीनामा ०.५ प्रतिशतले बढ्यो



टोक्यो (जापान) । जापानको औद्योगिक उत्पादन मे महीनामा ०.५ प्रतिशतले वृद्धि भएको छ, जुन पछिल्ला दुई महीनामा पहिलोपटक भएको वृद्धिका रूपमा देखिएको अर्थ, व्यापार तथा उद्योग मन्त्रालयले सोमवार सार्वजनिक गरेको प्रारम्भिक तथ्यांकमा उल्लेख गरिएको छ ।

मौसमी समायोजन गरिएको सूचकांक मे महीनामा १०१ दशमलव ८ पुगेको छ । उत्पादन वृद्धिमा मुख्य योगदान उत्पादन मेसिन तथा सवारीसाधन क्षेत्रमा देखिएको छ, जहाँ कार मोल्ड, उत्खनन मेसिन र यात्रुवाहक गाडीको माग बलियो रहेको मन्त्रालयले जनाएको छ ।

१५ मध्ये ९ उद्योग समूहको उत्पादनमा वृद्धि देखिएको छ भने ५ मा ह्रास आएको छ र एक स्थिर रहेको छ। मन्त्रालयले समग्र उत्पादन प्रवृत्तिलाई 'उठ्ने र स्थिर रहने गतिविधि' भनेर मूल्यांकन गरेको छ । यद्यपि, सवारी साधनबाहेकको यातायातसम्बन्धी मेसिनरी उत्पादनमा १६ दशमलव ३ प्रतिशतको उच्च ह्रास देखिएको छ, जुन विमान पार्टपुर्जाको कम मागका कारण भएको बताइएको छ । रसायन क्षेत्रको उत्पादन ५ दशमलव १ प्रतिशतले घटेको छ, जुन उत्पादन स्थलहरूमा पूर्वनिर्धारित मर्मतका कारण हो । त्यस्तै, इलेक्ट्रोनिक कम्पोनेन्ट क्षेत्रमा पनि ३ प्रतिशतको कमी देखिएको छ ।

मन्त्रालयले अमेरिकी भन्सार नीतिको प्रभावबारे व्यवसायहरूमा चासो बढिरहेको जनाउँदै धेरै कम्पनीहरूले उत्पादन र ढुवानीमा असर परेको रिपोर्ट गरेको जानकारी दिएको छ । *सिन्हवा/रासस*

## तथ्यांकोवाच

### नेपालबाट आर्थिक वर्षको ११ महीनामा २५ मेट्रिक टन बिस्कुट निर्यात



नेपालबाट आर्थिक वर्ष २०८१/८२ को पहिलो ११ महीनामा करीब २५ मेट्रिक टन बिस्कुट निर्यात भएको छ । विश्वका विकसित मुलुकमा नेपाली बिस्कुट निर्यात हुन थालेको सन्दर्भमा उचित नीति अंगीकार गरेमा भविष्यमा बिस्कुट निर्यात नेपालको प्रमुख निर्यात वस्तु बन्न सक्छ ।

**नेपालबाट आर्थिक वर्ष २०८१/८२ को पहिलो ११ महीनामा बिस्कुट निर्यात मूल्य (रू. हजार)**

| देश | परिमाण (केजी) | मूल्य (रू. हजार) | मूल्यमा अंश (प्रतिशत) |
|---|---|---|---|
| अष्ट्रेलिया | १५९८० | ६८४९ | ६८.२६ |
| चीन | ५०३० | १२१५ | १२.११ |
| हङकङ | २४५७ | ९२७ | ९.२४ |
| जापान | १३४ | १३१ | १.३१ |
| संयुक्त अधिराज्य | १६२ | २९ | ०.२९ |
| संयुक्त राज्य अमेरिका | १२१५ | ८८२ | ८.७९ |
| कुल | २४,९७८ | १०,०३३ | १००.०० |

*स्रोत : भन्सार विभाग*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर